५ भन्सार महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्यांकन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयामा परिवर्तन गर्दा राष्ट्र बैंकबाट तोकिएको विनिमय दरलाई परिवर्तन दर कायम गरिनेछ ।

६. कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा, लगतमा पैठारी भएका सवारी साधन, यन्त्र औजार लगायत अन्य माल वस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिइ वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसुल बुझाई सकेको अवस्थामा बाहेक ३ महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । उचित तथा मनासिव कारण भई श्री ५ को सरकारले थप म्याद दिएकोमा बाहेक १० प्रतिशत का दरबाट थप महसुल लिने गरी अरु ३ महिनासम्म राख्न सकिने छ । म्यादभित्र महसुल नबुझाएमा वा फिर्ता नलगेमा केशको औचित्य हेरी चोरी पैठारी सरह कारवाही गर्न सकिनेछ ।

७. उत्पादन वा दर्ता भएको ५ वर्षभन्दा पुरानो सवारी वा ढुवानीका साधनहरु (कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, एम्बुलेन्स, दमकल बाहेक) पैठारी गर्न पाइने छैन । तर तेश्रो मुलुकमा कम्तीमा १ वर्ष बसी कुनै व्यवसाय (सेवा, अध्ययन तथा तालीम समेत) र भारतमा कूटनैतिक नियोगमा वा सेनामा कार्य गरेर फर्केका नेपाली नागरिकहरुले आफैले प्रयोग गरेका निजी सवारी साधन ल्याएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9289

वा कूटनैतिक सुविधा पाउन व्यक्ति वा निकायले पैठारी गरेकोमा यो वन्देज लागू हुने छैन ।

८. उद्योगले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिंग कागजातको माध्यमबाट निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्रतीतपत्र खोली पैठारी गर्दा लाग्ने दरबन्दीमा नवढ्ने गरी तोकिएको दरबन्दी बराबरको भसार महसुल बैंक ग्यारेण्टी लिई सोको आधारमा तोकिएको रित पु-याई लगतमा राखी पैठारी गर्न दिन सकिनेछ । आयातकर्ताले सम्बन्धित निकायबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ उपयोग खपत अनुपातका प्रमाणित कागजात र विदेशमा निकासी गर्ने दर र परिमाण समेत खुलेको सम्झौता वा अर्डर डकुमेण्ट पेश गरेपछि मात्र उल्लिखित सुविधा प्रदान गर्न सकिनेछ ।

तोकिएको प्रकृया अनुरुप माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगहरुलाई समेत उल्लिखित सुविधा प्रदान गर्न सकिनेछ । साथै, उल्लिखित सुविधा उपरोक्त शर्तको अधीनमा रही उद्योगहरुले आफ्नो उत्पादन स्वदेशमै महसुल सुविधा वा आंशिक छुट पाएको आयोजना वा यस्तो सुविधा प्राप्त निकायलाई परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने सम्झौता भएको अवस्थामा समेत प्रदान गर्न सकिनेछ ।

यसरी पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ उपयोग गरी तयार भएको मालवस्तु निकासी गरी विदेशी मुद्रा आर्जन गरेको र स्वदेशमै महसुल सुविधा वा आंशिक छुट पाएको आयोजना वा निकायलाई बिक्री गरेको हकमा परिवर्त्य विदेशी मुद्रा आर्जन भएको प्रक्रिया सहितको प्रमाण सम्बन्धित बैंकबाट प्रमाणीत गरी पेश गरेपछि मात्र बैंक ग्यारेण्टी फुकुवा गरिने छ । यसरी पैठारी भएको कच्चा पदार्थबाट ९ महिनाभित्र तयारी वस्तु निकासी वा बिक्रीको प्रक्रिया पूरा गरी बैंक ग्यारेण्टी फुकुवाको लागि आवेदन गरि सक्नु पर्नेछ र आवेदन गरेको २ महिनाभित्र बैंक ग्यारेण्टी फुकुवाको प्रक्रिया पूरा गरि सक्नु पर्नेछ । उल्लिखित अवधिमा फुकुवा गरि नसकेमा पैठारी गर्दाको दिनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाग्ने भंसार महसुलमा ५० प्रतिशत समेत थप गरी महसुल असुल गरिनेछ ।

पैठारी भएको कच्चा पदार्थ आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभए जति कच्चा पदार्थमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत समेत थप गरी असुल गरिनेछ । यसरी भंसार महसुल असुल गर्दा बैंक ग्यारेण्टीबाट नपुग भएमा पैठारीकर्ताबाट असुल उपर गरिनेछ ।

उपरोक्तानुसारको बैंक ग्यारेण्टीमा पैठारी गर्ने सुविधा न्यूनतम २० प्रतिशत मूल्य अभिवृद्धि गरी बिक्री गर्ने वा निकासी गर्ने शर्तमा मात्र प्रदान गरिनेछ ।

९ कपडा डाइङ० गर्ने र प्रिन्टिङ० गर्ने उद्योगले डाइङ० वा प्रिन्टिङ० वा दुवै कार्य गर्ने गरी निर्यातमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने शर्तमा पैठारी गरेको ग्रे कपडामा पनि तोकिएको प्रकृया अनुसार बैंक ग्यारेण्टीको सुविधा दिन सकिनेछ । यसरी पैठारी भएको कपडा उल्लिखित उद्योगलाइ बिक्री गरेको र त्यस्ता उद्योगले निकासी गरेको प्रमाण समेतको आधारमा बैंक ग्यारेण्टी फुकुवा हुनेछ ।

१० भंसार महसुल प्रयोजनका लागि ग्यारेण्टी लिंदा नेपाल **राष्ट्र** बैंकबाट स्वीकृत प्राप्त वित्तीय कम्पनीको ग्यारेण्टीलाई समेत मान्यता दिइनेछ ।

११ नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धी प्रतिकूल नहुने गरी श्री ५ को सरकारले तोकेको प्रकृया बमोजिम एक मुलुकबाट आयातित मालवस्तुहरु पुनः अर्को मुलुकमा ३ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा केशको औचित्य हेरी उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भंसार महसुल रकम धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेपछि धरौटी रहेको रकमबाट धरौटी रहेको पैठारी महसुलको १० प्रतिशत मात्र कटाई बाँकी धरौटी रकम फिर्ता हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरबन्दीको कुन शीर्षक नम्बरमा पर्दछ भन्ने दुविधा परी भन्सार ऐन (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम भन्सार महानिर्देशकले शीर्षक नम्बर तोक्दा अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा गर्नुपर्नेछ । यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भंसार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ ।

१३. विविध :

(क) १. मूल्य अभिवृद्धि करमा दर्ता भएका पुनप्रशोधन गर्ने उद्योगहरुले पैठारी गरेको भाग ७२ मा पर्ने पीग आइरन, फलामको स्कृयाप (पत्रु) र अवशेषको पैठारीमा लाग्ने भन्सार महसुलमा ८० प्रतिशत छुट हुनेछ ।

२. मूल्य अभिवृद्धि करमा दर्ता भएका फलाम सम्बन्धी उद्योगहरुले पैठारी गर्ने शीर्षक नम्बर ७२१४.९९१० मा उल्लेखित पुनर्वेलन योग्य छड, डण्डी र लाप्सामा लाग्ने महसुलमा ४० प्रतिशत छुट हुनेछ ।

३ धागो प्रयोग गरी उत्पादन गर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका उद्योगहरुले पैठारी गरेको कृत्रिम रेशाको धागोमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ । साथै, धागो उत्पादन गरी उभेन स्याक्स बनाउने उद्योगहरुले पैठारी गर्ने भाग ३९ को एच.डी.पी.ई./ पी.पी. यार्न ग्रेड ग्रयानुअल्समा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरुले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाइ) र सबै किसिमका मानव निर्मित स्टेपूल फाइवर्समा लाग्ने भंसार महसुल पूर्ण रुपले छुट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उद्योग, होटल, लगायत अन्य पर्यटन व्यवसाय, वित्तीय तथा शिक्षण संस्था, स्वीकृति प्राप्त अस्पताल तथा उपचार केन्द्रहरुले १० कि.वा. वा सो भन्दा बढी क्षमताको जेनेरेटर पैठारी गरेमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने जेनरेटिङ० पार्टस्मा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

५. हवाइजहाज, हेलिकोप्टर र त्यसको पार्टपूर्जामा १ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

६. भन्सार महसुल दरवन्दीको भाग ३० मा पर्ने बाम (तरल वा मलमको रुपमा भएको) एवं उपशीर्षक नं.३००३.९०.२०र ३००४.९०.२० का उत्पादनहरु बाहेकको औषधि भारतबाट डि.आर.पी. अन्तर्गत अन्तःशुल्क लागि पैठारी भएको अवस्थामा मात्र लाग्ने महसुलमा शत प्रतिशत छुट हुनेछ ।

७. भन्सार महसुल दरवन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसुल लाग्ने औद्योगिक मेशिनहरु (मोल्डिङ० गर्ने सांचो समेत) मा न्यूनतम २.५ प्रतिशत महसुल लाग्ने गरी ५० प्रतिशत भन्सार महसुल छुट हुनेछ । यस्ता मेशिनहरु सि.के.डी र एस.के.डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा दरवन्दी अनुसार लाग्ने महसुलको बैंक ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि तोकिएको समितिबाट निरीक्षण भई मेशिन ठहरिने जति सामानमा २.५ प्रतिशत भंसार महसुल लिई बांकी बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने २ टन भन्दा बढी क्षमताको एयर कण्डीशनर यूनिट र सोका पार्टपुर्जा पैठारी गरेमा न्यूनतम १० प्रतिशत भन्सार महसुल लाग्नेछ ।

९. दाना तथा पशुपक्षी उद्योगहरुले पैठारी गर्ने भंसार दरबन्दीको भाग ५ को सिपीको टुक्रा, भाग २३ को फिड सप्लीमेण्ट एवं भाग २५ को चुन ढुंगाको धूलोमा न्यूनतम १ प्रतिशत भंसार महसुल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ । साथै उल्लिखित उद्योगहरुले पशु सेवा विभागको सिफारिसमा पैठारी गर्ने भंसार दरबन्दीको भाग २८, २९ र ३० मा पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थमा पनि उल्लिखित छुट हुनेछ । तर यस्तो कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ तेश्रो मुलुकबाट पैठारी भएको हकमा एकपटक सुविधामा पैठारी भइसकेपछि सोही आर्थिक वर्षमा अर्को पटक सुविधा लिनु परेमा सोको उत्पादन र खपत अनुपातको विवरण सम्बन्धित भंसारमा पेश गर्नुपर्नेछ ।

(ख) श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भन्सार महसुल पूर्ण रुपले छुट हुनेछ :-

१. पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

२. वैकल्पिक उर्जाका श्रोत सम्बन्धी सामानहरु

(क) वैकल्पिक उर्जाको श्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपूर्जा,

(ख) सौर्य शक्तिवाट विद्युत उत्पादन गर्ने उपकरण र तिनका पार्टपूर्जा.

(ग) गोवर ग्यास लगायत वायोग्यासका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्यास भल्भ, गोवरग्यास वत्ती, ग्यास टेप (व्रास) गोवरग्यास चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

(घ) गोवरबाट विद्युत उत्पादन गर्ने व्याट्री बनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो व्याट्री बनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरु,

३. ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरु,

४. अधिराज्यभरीका सरकारी अस्पताल तथा स्वास्थ्य चौकीलाई उपलव्ध गराउन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागको नाममा पैठारी हुने भाग ३० का औषधिहरु र स्वीकृति प्राप्त तथा स्तरीय अस्पताल हो भनी प्रमाणीत अस्पताल संचालनको लागि आवश्यक पर्ने भाग ९० का मेडिकल एण्ड सर्जिकल यन्त्र उपकरण तथा औजारहरु, भाग ३७ को एक्सरे फिल्म र सोको केमिकलहरु, शीर्षक नम्बर ३८२१ र शीर्षक नम्बर ३८२२ का कल्चर मिडिया र प्रयोगशालाका प्रतिकारकहरु, शीर्षक नम्बर ७०१७ का कांचका सामान, शीर्षक नम्बर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9286

८४१९.२०.०० का औषधिय शल्य चिकित्सा सम्बन्धी वा प्रयोगशाला सम्बन्धी सामानहरु.

५. कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु.

६. औषधि व्यवस्था विभागले तोकेका परिमाणसम्म औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ । तर यस्तो सुविधा तेश्रो मुलुकबाट पैठारी भएको हकमा पहिलोपटक लिइ सकेपछि सम्बन्धित निकायबाट प्रमाणित गराई खपतको प्रमाण भंसारमा पेश भएपछि मात्र अर्को पटक सुविधा प्रदान गरिने छ । औषधि व्यवस्था विभागको परिमाण तोकिएको अनुसूची नै यस उपदफाको प्रयोजनका लागि सिफारिस मानिनेछ र यसको लागि छुट्टै सिफारिस पत्रको आवश्यकता पर्नेछैन ।

७. बालीनालीको लागि मात्र प्रयोग हुने कीटनाशक औषधि र त्यसको कच्चा पदार्थ ।

(ग) श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणीत गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भंसार महसुलमा निम्नानुसार आंशिक छुट हुनेछ :

१. स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १३(क)७ ले दिएको सुविधाको अलावा मेशिनरी पार्टपुर्जा तथा उपकरण छाप्ने टाईप ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म, ९००६ अन्तरगतका भर्टिकल क्यामरा, केमिकलहरु एवं मसी पैठारी गरेमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२८४

२. ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक पहिलो पटक पैठारी गर्दा ५ (पाँच) प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

३. ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक र स्लिपिङ्ग ब्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

४. जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि टेलेक्स मेशिन १, टेलिफ्याक्स मेशिन १, फोटोकपी मेशिन १, प्रिन्टर सहितको कम्प्युटर १, रबर र मोटरको डुङ्गा १०/१० थान, हेलमेट १०० थान, लाइफ भेष्ट १०० थान, प्याडल १०० जोर र वाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसुल ५ प्रतिशत मात्र लाग्नेछ ।

५ नेपाल अधिराज्यमा खिचिएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगि पुनः पैठारी गरेमा सो वापत लागेको मूल्यको १० प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

६. संचार मन्त्रालयको सिफारिसमा नेपाल अधिराज्यभित्रबाट नियमित प्रकाशित हुने पत्र-पत्रिकाको नाममा पैठारी हुने फ्याक्स मेशिन थान-१, कम्प्यूटर थान-१ र प्रिन्टर वा लेजर प्रिन्टर थान-१ मा ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । एक पटक यस्तो सुविधा लिए


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछि पांच वर्षसम्म यिनै सामानमा अर्को छुट दिइने छैन ।

७. अडियो भिडियो टेप उत्पादन गर्ने उद्योगहरुले शीर्षक नं. ८५२३ मा पर्ने प्यान केकको रुपमा पैठारी गर्ने म्याग्नेटिक टेप, उपकरण र पार्टपुर्जामा ५० प्रतिशत छुट हुनेछ ।

८. सरकारी तथा गैह्र सरकारी संघ संस्थाले एम्बुलेन्स पैठारी गरेमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(घ) कृषि कार्यको लागि कृषकले पैठारी गरेको पशुको चारा काट्ने मेशिन एक, धान तथा गहुं चुट्ने र निफन्ने थ्रेसर तथा पंखी एक थानमा लाग्ने भंसार महसुल पूर्ण रुपले छुट हुनेछ । साथै, कृषकले पैठारी गर्ने ट्याक्टर थान एकमा लाग्ने भंसार महसुलमा ७५ प्रतिशत छुट हुनेछ ।

(ङ) सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर देखि ८ हर्ष पावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ० सेट र सोको साथमा पैठारी हुने ३० मिटरसम्म होज पाइपमा भंसार महसुल लाग्ने छैन ।

(च) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सीहरु, ट्रेकिङ्०ग एजेन्सीहरु राफ्टिङ्०ग एजेन्सीहरु र तारे एवं रिसोर्ट होटलहरुले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोवस, मिनिवस र जीपमध्ये जम्मा दुई (२) थानमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ । तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको १० वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ ।

(छ) नन्-डिस्पर्सिव इन्फ्रारेड (एन.डी.आई.आर) (कार्वन मोनोअक्साइड र हाइड्रोकार्वन), ग्यास एनालाइजर (पेट्रोल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), स्मोक लिटर (डिजेल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सवारीको प्रदूषण नाप्न प्रयोग हुने), डिजेल फ्यूल पम्प, टेष्ट बेन्च र डिजेल इन्जेक्सन नोजल टेष्ट बेन्चमा ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ र उद्योगहरुले प्रदूषण नियन्त्रणको लागि पैठारी गर्ने संयन्त्र र उपकरणमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(ज) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ० टेबल र स्टीम आयरनमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(झ) भाग ३२ का सिन्दुर, भाग ३९ र ७० मा पर्ने चूरा, टीका र टिकुलीमा लाग्ने भन्सार महसुल पूर्ण रुपमा छुट हुनेछ ।

(ञ) भाग ३९ र ४८ मा पर्ने अण्डा राख्ने क्रेटमा भन्सार महसुल पूर्ण रुपमा छुट हुनेछ ।

(ट) नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पुरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी पुन पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भंसार पूर्ण रुपमा छुट दिन सकिनेछ ।

(ठ) जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा लाग्ने भन्सार महसुल छुट हुनेछ ।

(ड) शीर्षक ३९१५ अन्तरगतका प्लाष्टिकका अवशेष र रद्दी एवं शीर्षक नं. ६३०९ र ६३१० अन्तरगतका पुराना लुगा फाटा एवं भुत्रा धराहरुको पैठारीमा अनुसूची १ को महल नं ४ को दरको अलावा ३० प्रतिशत थप भंसार महसुल लाग्नेछ ।

(ढ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ० भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर एवं जुनसुकै पदार्थबाट बनेका फिड प्लाण्ट (सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9229

खुवाउने विशेष किसिमका भाडा र यन्त्र लगायत) मा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(ण) कफी पर्फुरेटर (८५१६), सबै किसिमका चिया सम्बन्धी मेशिन (८४३८), वीऊ विजन स्क्रिनिङ० सर्टिङ० सम्बन्धी मेशिन (८४३७ र ८४७४), मौरी पालन व्यवसायको मेशिन (८४३६), फलफूलको रस निकाल्ने मेशिन (८४३५), फुल सफा गर्ने मेशिन, मह छान्ने र रस छान्ने मेशिन (८४३३), सिंचाइमा प्रयोग हुने स्प्रिङ्०कल र डिप इरिगेशन सम्बन्धी उपकरणको पैठारीमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(त) मूल्य अभिवृद्धि करमा दर्ता भएका उद्योगले पैठारी गर्ने आल्मोनियम, तामा र पित्तलका ढिक्का, सर्कल पाता र आल्मोनियम स्केपमा लाग्ने भंसार महसुलमा ८०% छुट हुनेछ ।

(थ) रजिष्टर्ड मत्स्य फार्महरुले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरु, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरु, पम्पसेट, ह्याककिट, एअरेटर, हांसको चल्ला कटाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोनमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(द) श्री ५ को सरकार (हुलाक सेवा विभाग) ले पैठारी गर्ने अप्रकाशित हुलाक टिकट, पोष्टकार्ड, हवाई पत्र र टिकट छापिएको खाममा भंसार महसुल लाग्ने छैन ।

(ध) मूल्य अभिवृद्धि करमा दर्ता भएका कम्प्यूटर जडान गर्ने उद्योगहरुले पैठारी गर्ने कम्प्यूटर पार्टस र तिनका कम्पोनेन्टसमा लाग्ने भंसार महसुलमा ८० प्रतिशत छुट हुनेछ । तर एकपटक सुविधामा पैठारी भइसकेपछि सोही आर्थिक वर्षमा अर्को पटक सुविधा लिनु परेमा सोको उत्पादन र खपतको विवरण सम्बन्धित भंसारमा पेश गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(न) बारुण यन्त्र (दमकल) को पैठारीमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(प) फोहर मैला संकलन गरी पुन: उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुन: उत्पादन गर्ने मेशिनरीहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसुल लाग्नेछ ।

(फ) क्राउन कर्कको पैठारी गर्दा मूल्य अभिवृद्धि कर कार्यालयको सिफारिसमा मात्र पैठारी गर्नु पर्नेछ ।

(ब) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरुले संकेत नम्वर ३९१९, ३९२० र ३९२१ को पोलिष्टर फिल्म, वी.ओ.पी.पी. फिल्म, एक्स्ट्रूडेड पोलिफिल्म र संकेत नम्वर ४८०२ मा पर्ने म्याप लिथो पेपर पैठारी गरेमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(भ) नेपाल अधिराज्यभित्र पैठारी हुने आल्मोनियम, तामा र पित्तलको स्केप तथा सो को ढिक्का र सर्कल पातामा ५% भंसार महसुल लगाउने ।

(म) हेरो, कल्टीभेटर र लेभलरमा लाग्ने भंसार महसुलमा ५०% प्रतिशत छुट दिने ।

(य) सुनको गहनाको पैठारीमा प्रस्तावित १०% भंसार महसुलको सट्टामा २०% भसार महसुल कायम गर्ने ।

(र) सूती धागोको पैठारीमा ५% भंसार महसुल लगाई सो मा ५०% छुट दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

आर्थिक ऐन, २०५४ को अनुसूची - २ लाई खारेज गरी देहायको अनुसूची-२ राखिएकोछ :

अनुसूची - २

नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने मालवस्तुमा देहाय बमोजिम निकासी भन्सार महसूल लाग्नेछ :-

| सि.नं. | मालवस्तुको विवरण | दर |
|---|---|---|
| १ | नदलेको गेडा दाल | प्रति किलो रु. ०।२० पैसा |
| २ | दलेको दाल | प्रति किलो रु. ०।१५ पैसा |
| ३ | चामलको ढुटो र गहुँको चोकर | प्रति टन रु. ४००।- |
| ४ | तेलहनको पिना | प्रति किलो रु. ०।४० पैसा |
| ५ | सडक निर्माण गर्ने प्रयोजनका लागि टुक्र्याइएका २ इन्चसम्मका ढुङ्गाहरु | प्रति घन मिटर रु. १००।- |
| ६ | सडक निर्माण गर्ने प्रयोजनका लागि नटुक्र्याइएका र २ इन्च भन्दा बढीका ढुङ्गाहरु | प्रति घन मिटर रु. २००।- |
| ७ | प्राकृतिक वालुवा | प्रति घन मिटर रु. ७०।- |
| ८ | वालुवा र ससाना ढुङ्गाको मिश्रण (छर्रा) | प्रति घन मिटर रु. १००।- |
| ९ | म्याग्नेसाइड (कच्चा रुपका) | प्रति घन मिटर रु. २००।- |
| १० | खयरको कच्छ | प्रति क्वीण्टल रु. २००।- |
| ११ | खयरको कत्था | प्रति क्वीण्टल रु. ५००।- |
| १२ | काठको गोलिया, चिरान, बाल्ने दाउरा, मुढा, टुन्का, हाँगाबिंगा, चोइटा चोइटी र काठको धुलो समेत | मोल प्रतिशत २००% |
| १३ | प्लाइउडको लागि काठको भेनियर सिट्स | मोल प्रतिशत ७०% |
| १४ | प्लाइउड | मोल प्रतिशत १०% |
| १५ | संगमर्मरका टुक्राहरु र धुलो | मोल प्रतिशत ६% |
| १६ | ढुङ्गा टुक्र्याउँदा निस्केको धुलो | मोल प्रतिशत ६% |
| १७ | पिठो | प्रति किलो रु. ०।२५ पैसा |
| १८ | चामल | प्रति किलो रु. ०।५० पैसा |
| १९ | चिनी | प्रति किलो रु. ०।५० पैसा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1228

| | | |
|---|---|---|
| २० | वनस्पति घ्यू र तेल | ३% |
| २१ | प्लाष्टिकका उत्पादनहरु | २% |
| २२ | मोलासीस (खुँदो) | ५% |
| २३ | सुंगुर लगायत घरपालुवा जनावरका जगर | १०% |

१. माथि उल्लिखित मालवस्तु बाहेक अन्य मालवस्तु निकासी हुनेमा मूल्यको ०।५% सेवा शुल्क लिइनेछ।

२. निकासी हुने माल वा वस्तुको मूल्य निर्धारण गर्दा नेपाल अधिराज्यको भन्सार विन्दुसम्मको मूल्य (एफ.ओ.बी.) कायम गरी निकासी भन्सार महसूल लिइनेछ।

३. निकासी हुने माल वा वस्तुको प्रयोजनको लागि भन्सार कार्यालयहरुले अनुसूची-१ को परिच्छेद १ देखि २१ सम्म पर्ने भाग १ देखि ९७ सम्ममा उल्लेखित शीर्षकको प्रयोग गर्नु पर्नेछ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ३
अन्तःशुल्क दरबन्दी
आ.व. २०५५।५६

(१) अन्तःशुल्कको दर :

| क्र.सं | हार्मो नाइज्ड वर्गीकरण भाग | अन्तः शुल्क संकेत नं. | वस्तुको विवरण | इकाई | अन्तः शुल्क दर |
|---|---|---|---|---|---|
| १ | १७ | १७०० | चिनी मिल तथा खाँडसारी मिलबाट उत्पादित खुदो (मोलासेस) | प्रति क्विण्टल | रु. २०।– |
| | | १७०१ | खुदो मिश्रण गरी वा पावर क्रसर प्रयोग गरी उत्पादन गरेका सख्खर (गुण), कालो सख्खर, रसकट आदि* | प्रति क्विण्टल | रु. ३०।– |
| २ | २१ | २१०० | कत्था, चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | प्रति किलो | रु. ५०।– |
| ३ | २२ | २२०१ | फलफूलबाट बनाइने १७ प्रतिशतसम्म अल्कोहल भएका वाइनहरु | प्रति लिटर | रु. १५।– |
| | | २२०२ | सेम्पेन, सेरी, मिड, पेरी र १७ प्रतिशतभन्दा बढी अल्कोहल भएका वाइन, कक्टेल, लिकर तथा फर्मेण्टेड मदिराहरु | प्रति लिटर | रु. १००।– |
| | | २२०३ | साइडर | प्रति लिटर | रु. १०।– |
| | | २२०४ | बीयर | प्रति लिटर | रु. ३१।– |
| | | २२०५ | कण्ट्री बीयर (छ्याङ) | प्रति लिटर | रु. १५।– |
| | | २२०६ | डिनेचर्ड स्पिरिट | प्रति लिटर | रु. ५।– |
| | | २२०७ | थिनर | प्रति लिटर | रु. १५।– |

* चिनी मिल नभएको जिल्लामा स्वदेशमा उत्पादित सख्खरमा ५०% छुट दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | २२०८ | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रवहरु | प्रति लिटर | रु. ५०।- |
| | | २२०९ | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्पिरिट, साइलेण्ट स्पिरिट (ENA) | प्रति लिटर | रु. १५।- |
| | | २२१० | <u>मदिरा</u> | | |
| | | | (क) ३० यु.पी. शक्तिसम्मको | प्रति एल.पी. लिटर | रु. २२५।- |
| | | | (ख) ३० भन्दा बढी ४० यु.पी. शक्तिसम्मको | प्रति एल.पी. लिटर | रु. ११५।- |
| | | | (ग) ४० भन्दा बढी यु.पी. शक्तिको | प्रति एल.पी. लिटर | रु. ४०।- |
| ४ | २४ | २४०१ | चुरोट (सूर्तीबाट तयार भएको सबै प्रकारका चुरोट) | | |
| | | | (१) ७० मि.मि.सम्मको लम्बाइमा | | |
| | | | (क) फिल्टर नभएको | प्रति एम | रु. ९०।- |
| | | | (ख) फिल्टर भएको | प्रति एम | रु. २६०।- |
| | | | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाइमा (फिल्टर भएको) | प्रति एम | रु. ३३०।- |
| | | | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाइमा (फिल्टर भएको) | प्रति एम | रु. ४५०।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (४) ८५ मि.मि. भन्दा बढी लम्बाइमा (फिल्टर भएको) | प्रति एम | रु. ६००।- |
| | | २४०२ | सबै प्रकारका सिगार | प्रति खिल्ली | रु. १।- |
| | | २४०३ | पाइप सूर्ती | प्रति किलो | रु. ३००।- |
| | | २४०४ | सूर्तीबाट तयार भएको सबै प्रकारको जर्दा र खैनी | प्रति किलोग्राम | रु. ५०।- |
| | | २४०५ | चुना मिलाई खाने प्याकिङ गरिएको कोरा सूर्ती | प्रति किलोग्राम | रु. ३०।- |
| ५ | २७ | २७०१ | चिल्लो पार्ने खनिज तेल (लुब्रीकेटिङ आयल्स्/इञ्जिन आयल्स्/मोबिल) | प्रति लिटर | रु. ५।- |
| | | २७०२ | ग्रिजहरु | प्रति किलोग्राम | रु. ५।- |
| ६ | ८७ | ८७०१ | पेट्रोल तथा डिजेलबाट चल्ने सवारी साधनहरु | | |
| | | | १) पिकअप गाडी (सिंगल क्याब) (भन्सार संकेत नम्बर ८७०४) | मोल प्रतिशत | १५ प्रतिशत |
| | | | (२) जीप, कार आदि हल्का सवारी साधन (१४ सिटसम्मको) (भन्सार संकेत नम्बर ८७०२, ८७०३) | मोल प्रतिशत | ४० प्रतिशत |

२. अन्तःशुल्क ऐन तथा नियममा जे सुकै कुरा लेखिएको भए तापनि बीडी उद्योगहरुले मूल्य अभिवृद्धि कर विभागबाट उपलब्ध गराइएको ब्याण्डरोल प्रति हजार बीडीको लागि रु. ३५।- (छपाई शुल्क बाहेक) तिरी स्थानीय कार्यालयबाट खरिद गर्नु पर्नेछ । सोही ब्याण्डरोल प्रयोग गरी बीडी उत्पादन एवं बिक्री गर्नु पर्नेछ । यसरी एक पटक ब्याण्डरोल खरिद गरी लगिसकेपछि उत्पादकले प्रत्येक महिनामा ब्याण्डरोल प्रयोग गरेको मास्केवारी मात्र बुझाए पुग्नेछ । ब्याण्डरोल खरिद गर्दा ब्याण्डरोल जर्ती बापत २ प्रतिशत मिन्हा दिइनेछ ।

३. स्वीकृति प्राप्त कर मुक्त पसल (बण्डेड वेयर हाउस वा ड्यूटी फ्रि शप) मा बिक्री हुने स्वदेशी उत्पादनहरुमा मूल्य अभिवृद्धि कर विभागको पूर्व स्वीकृति भएमा लाग्ने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर निकासी सरह छुट दिइनेछ ।

४. मदिरा उद्योगहरुले पेटेण्ट स्टील प्लाण्टबाट उत्पादित स्पिरिटको मिश्रण (Blending) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ । यसरी मदिरा उत्पादनमा प्रयोग भएको स्पिरिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ । यस्ता उद्योगबाट उत्पादित मदिरा बाहेक अन्य मदिराको बिक्री वितरणलाई अवैध मदिरा सरह कारबाही गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

९२५८

५. अन्त:शुल्क लाग्ने पदार्थ उत्पादन गर्ने उद्योगको कुल उत्पादन क्षमताको ५०% भन्दा बढी क्षमता प्रयोग गर्दा हुन सक्ने थप उत्पादित परिमाणको बिक्री गरेपछि प्रत्येक ब्राण्डको त्यस प्रकारको थप बिक्री परिमाणमा लाग्ने अन्त:शुल्क रकममा ३३% छुट दिइनेछ । तर यस्तो छुट सुविधा प्राप्त गर्न उत्पादकले आ.व. २०५४।५५ मा कम्तिमा २५० दिन सुचारु रुपले कारखाना संचालन गरेको हुनु पर्नेछ र आ.व. २०५४।५५ को भन्दा बढी परिमाण बिक्री गरेको हुनु पर्नेछ । त्यस्तो बढी बिक्री गरेको परिमाणमा मात्र उक्त छुट सुविधा प्रदान गरिनेछ । यो व्यवस्था आ.व. २०५५।५६ मा स्थापना हुने अन्त:शुल्क लाग्ने पदार्थ उत्पादन गर्ने उद्योग र आ.व. २०५५।५६ को दरबन्दीमा अन्त:शुल्क लाग्ने गरी तोकिएका थप वस्तु उत्पादन गर्ने उद्योगको हकमा तथा साविकमा अन्त:शुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगले उत्पादन गर्ने नयाँ ब्राण्डको हकमा लागू हुने छैन ।

६. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (छ) अथवा साविकको औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम त्यस्तै प्रकारका सुविधा उपभोग गरी त्यस्तो सुविधाको निरन्तरता प्राप्त गरिरहेका फलफूलमा आधारित मदिरा उद्योगले नियमित राजस्वको दायराभित्र नआएसम्म आ.व. २०५५।५६ देखि फर्मेण्टेड प्रक्रियाबाट उत्पादित वाइन र ब्राण्डी मात्र उत्पादन गर्न पाउने छन् । यस्ता उद्योगले आ.व. २०५४।५५ सम्म उत्पादन गरेको २५ र ३० यु.पी. शक्तिको मदिराको निकासी गर्नमा यस दफाले कुनै बाधा पुऱ्याउने छैन । तर त्यस्तो मदिराको परिमाण २०५५ श्रावण महिनाभित्र सम्बन्धित मूल्य अभिवृद्धि कर कार्यालयमा घोषित गरिसक्नु पर्नेछ ।

७. रेक्टिफाइड स्पिरिट उत्पादन गर्ने उद्योगले प्रति क्वीण्टल खुदोबाट न्यूनतम ६५ ओ.पी. को घटीमा १८.५ लिटर रेक्टिफाइड स्पिरिट उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धी दर कायम गरिएकोछ । यसभन्दा घटी प्रतिलब्धी दर देखिएमा फरक परिमाणमा मदिरातर्फको उच्चतम दरबन्दी अनुसार राजस्व असुल गरिनेछ ।

८. औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगहरुले खरिद गरेको सबै प्रकारका स्पिरिटमा ५० प्रतिशत अन्त:शुल्क छुट हुनेछ । तर एक पटक लिएको स्पिरिट प्रयोग भएको विवरण पेश नगरी अर्को पटक छुट दिइने छैन ।

९. अन्त:शुल्क लाग्ने पदार्थको आन्तरिक उत्पादन तथा पैठारी गर्नेहरुसंग क्रमश: रु. २।- र रु. १।- का दरले अन्त:शुल्क टिकट बापतको रकम लिई राजस्व प्रतिबिम्बित हुने संख्यामा टिकट उपलब्ध गराइनेछ ।

१०. इजाजत दस्तुर (नयाँ तथा नवीकरण समेत)

१०.१ मदिरा

१०.१.१ उत्पादनतर्फ :

मदिरा, बीयर र स्पिरिट उद्योगको लागि : - रु. ५०,०००।-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9225

१०.१.२ **बिक्री वितरणतर्फ :**

१०.१.२.१ स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने ठूला होटलका लागि ताराको अनुपातमा निम्नानुसार इजाजत दस्तुर लाग्नेछ :-

| | | |
|---|---|---|
| क) | पाँच तारेको लागि | - रु. २५,०००।- |
| ख) | चार तारेको लागि | - रु. २०,०००।- |
| ग) | तीन तारेको लागि | - रु. १५,०००।- |
| घ) | दुई तारेको लागि | - रु. १०,०००।- |
| ङ) | एक तारेको लागि | - रु. ५,०००।- |

| | | |
|---|---|---|
| १०.१.२.२ | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्टका लागि | - रु. ३,०००।- |
| १०.१.२.३ | स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लजहरुको लागि | - रु. १,०००।- |
| १०.१.२.४ | स्वदेशी मदिरा बोतल नखोली बिक्री गर्ने पसलको लागि | - रु. २,०००।- |
| १०.१.२.५ | विदेशी मदिरा बोतल नखोली बिक्री वितरण गर्ने पसलको लागि | - रु. ५,०००।- |
| १०.१.२.६ | विदेशी मदिरा, स्पिरिट र खुदो आयात गर्नेका लागि | - रु. ५,०००।- |
| १०.१.२.७ | खुदो, गुण र स्पिरिट खरिद गर्नेका लागि | - रु. २,०००।- |
| १०.१.२.८ | स्वदेशी मदिरा निकासीको लागि | - रु. २,०००।- |
| १०.१.२.९ | डिपार्टमेण्टल स्टोरको लागि | - रु. ५,०००।- |

१०.२ **अन्य**

| | | |
|---|---|---|
| १०.२.१ | विदेशी चुरोट तथा खैनी पैठारी गर्नेको लागि | - रु. ५,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०.२.२ चुरोट तथा खैनी थोक खरिद बिक्री गर्नेको लागि - रु. २,०००।-

नोट :

※ उपरोक्तानुसार बिक्री वितरण बापत इजाजत दस्तुर महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

※ महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रदेखि बाहिर काठमाडौं उपत्यकाका गाउँ विकास क्षेत्रमा यो दस्तुरमा १० प्रतिशत र अन्य गाउँ विकास क्षेत्रमा यो दस्तुरमा २५ प्रतिशत कम गरिनेछ ।

※ त्यस्तै पहाडी एवं हिमाली क्षेत्रमा सो दस्तुरमा ५० प्रतिशत कम हुनेछ ।

※ एक इकाईले एकभन्दा बढी किसिमको मदिरा खरिद बिक्री गर्ने भएमा सबभन्दा बढी एक दस्तुर मात्र बुझाए पुग्नेछ ।

※ साविकमा मदिरा निषेधित क्षेत्र घोषित भैरहेका स्थानमा स्थानीय निकायको सिफारिसमा मात्र अनुज्ञापत्र दिइनेछ ।

※ मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएका देखि बाहेक चुरोट, खैनी, मदिरा तथा बीयरको थोक एवं खुद्रा व्यापार गर्नेले प्रत्येक महिना खरिद बिक्री र स्टकको विवरण पेश गर्नु पर्नेछ ।

१०.३ औद्योगिक उत्पादन :

अन्त:शुल्क लाग्ने पदार्थ उत्पादन गर्ने इजाजत प्रदान गर्दा मदिरा, बीयर र स्पिरिट बाहेक अन्य उद्योगको स्थिर पूँजीको आधारमा उत्पादन इजाजत दस्तुर लाग्नेछ । जस अनुसार प्रत्येक रु. एकलाख स्थिर पूँजी भएको उद्योगलाई रु. ३०।- का दरले उत्पादन इजाजत दस्तुर लाग्नेछ। न्यूनतम इजाजत दस्तुर रु. एकहजारभन्दा कम हुने छैन ।

११. अन्त:शुल्कको साविकको बक्यौता रकमलाई प्रति दिन ०.१ प्रतिशतका दरले विलम्ब दस्तुर सहित बक्यौता मितिदेखि गणना गरी असुल गरिनेछ ।

१२. परिमाणगत दर (Specific Rate) लागेका उत्पादनहरुको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन । तर प्रत्येक उत्पादकले आफ्नो डिष्ट्रिब्युटर, थोक तथा खुद्रा बिक्रेतालाई दिने बिक्री कमिशन सार्वजनिक गर्नु पर्नेछ र आकार वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा मूल्य अभिवृद्धि कर विभागको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

१३. उत्पादकले कुनै नयाँ ब्राण्ड उत्पादन गर्नु अघि अन्त:शुल्क, साविकको बिक्री कर, मूल्य अभिवृद्धि कर, धुमपान तथा मदिरा दस्तुर र मदिरा नियन्त्रण सेवा दस्तुर चुक्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ । तर बक्यौता रकम किस्तावन्दीमा असुल गर्ने गरी श्री ५ को सरकारबाट सुविधा प्रदान भएमा बक्यौता रकम र किस्तावन्दीबाट म्याद प्रदान भएको मितिसम्मको विलम्ब दस्तुर बराबरको बैंक ग्यारेण्टी प्राप्त भएमा नयाँ ब्राण्ड उत्पादन गर्न स्वीकृति दिन सकिनेछ ।

१४. मदिराको आन्तरिक उत्पादनतर्फ २५, ३० र ४० यु.पी. शक्तिको बोतलबन्दी र ६५ यु.पी. शक्तिको पाउचबन्दी मात्र उत्पादन गर्न पाइनेछ ।

१५. मदिरा, बीयर र वाइनको उत्पादन प्रक्रिया समाप्त भएपछि ब्याच नम्बर र सिलसिलेवार नम्बर प्रत्येक गोटा वा थानमा अङ्कित गरी गोदाममा पठाउनु पर्नेछ । विभागले आवश्यक देखेमा अन्त:शुल्क लाग्ने वस्तुहरुमा ब्याच नम्बर र सिलसिलेवार नम्बरको सट्टामा वा यसको अलावा अन्य कुनै संकेत वा चिन्ह लगाउनु पर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

१६. नेपालभित्र उत्पादन हुँदा अन्त:शुल्क लाग्ने किसिमका तोकिएका वस्तुहरुमा पैठारी गरी बिक्री गर्नु अघि मूल्य अभिवृद्धि कर विभागले उपलब्ध गराउने टिकट वा चिन्ह अङ्कित गरी मात्र बिक्री गर्नु पर्नेछ । साथै नेपाल अधिराज्यभित्र पैठारी गरी बिक्री वितरण गर्ने चुरोट तथा सिगारको प्रत्येक बट्टामा देवनागरिक लिपिमा "धुमपान स्वास्थ्यको लागि हानिकारक छ" भन्ने मुद्रण गरिएको हुनु पर्नेछ । यस व्यवस्थाको उल्लंघन गरेमा अनुमतिपत्रको शर्त उल्लंघन गरेको मानिनेछ ।

१७. मदिरा, बीयर, छ्याङ, वाइन तथा चुरोटको निकासी भाग गर्नु पूर्व निकासी माग गरे बराबरको सामानको लाग्ने अन्त:शुल्क (धुमपान तथा मदिरा दस्तुर अन्त:शुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) दाखिला गरी मूल्य अभिवृद्धि कर विभागले तोकिदिएको ढाँचामा सामान निकासीको लागि निवेदन दिनु पर्नेछ । सामान निकासीको लागि राजस्व दाखिला गरे बराबरको मात्र अन्त:शुल्क टिकट सम्बन्धित कार्यालयले उपलब्ध गराउनेछ र त्यस्तो टिकट टाँसेर मात्र सामान निकासी गर्नु पर्नेछ अन्यथा सो सामान अवैध मानिनेछ । तर कसैले लाग्ने अन्त:शुल्क (धुमपान तथा मदिरा दस्तुर, अन्त:शुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) मा प्रतिदिन ०.१ प्रतिशतको शुल्क समेतको कुल बुझाउनु पर्ने रकमको बैंक ग्यारेण्टी पेश गरेमा त्यस्तो रकम चुक्ता गर्न बढीमा ३० दिनसम्म म्याद दिई अन्त:शुल्क टिकट उपलब्ध गराइनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मदिरा उद्योगहरुले आर्थिक वर्षको शुरुमा आफ्नो उत्पादनको अल्कोहलको मात्रा र गुणस्तर स्वीकृत प्रयोगशालाबाट परीक्षण गराई कार्यालयमा पेश गरी निकासी गर्नु पर्नेछ । मूल्य अभिवृद्धि कर विभागको इजाजत लिई कार्यालयले जुनसुकै बखत यसरी निष्काशित उत्पादनहरुको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण गराउन सक्नेछ । अल्कोहलको मात्रा १ प्रतिशतभन्दा बढी एवं गुणस्तर उल्लेखनीय रुपबाट फरक पारेको पाइएमा कार्यालयले विस्तृत छानबिन गरी राजस्व चुहावट भएको जति बिगो रकममा २५ प्रतिशत थप गरी असुल गर्नेछ ।

१९. सबै प्रकारको अन्त:शुल्क लाग्ने वस्तुको उत्पादन, पुनउंत्पादन, प्याकिङ्ग, अन्त:शुल्क टिकट, राजस्व असुली प्रक्रिया र बिक्री सम्बन्धी शर्त र व्यवस्थाहरु मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिम हुनेछ ।

२०. अवैध रुपमा आयात वा उत्पादन गरी बिक्री वितरण हुने मदिरा तथा चुरोटलाइ नियन्त्रण गर्न मूल्य अभिवृद्धि कर कार्यालयको कार्यालय प्रमुखको अध्यक्षतामा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको प्रतिनिधि एक/एकजना सदस्य रहेको कार्य टोली गठन गरिएकोछ । यस कार्यटोलीको कार्य प्रक्रिया मदिरा नियन्त्रण सेवा दस्तुर कोष संचालक समितिले तोके बमोजिम हुनेछ ।

२१. मदिरा, बीयर तथा चुरोट उद्योगहरु र तिनका वितरकहरुले कुनै पनि प्रकारको उपहार कार्यक्रम संचालन गर्न वा मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य क्रेताहरुलाई नगद छुट वा वस्तुगत स्किमहरु संचालन गर्न पाउने छैनन् । यसो गरेको पाइएमा अनुमतिपत्रको शर्त उल्लंघन गरेको मानिनेछ ।

२२. डिनेचर्ड स्पिरिट बनाउँदा सम्बन्धित मूल्य अभिवृद्धि कर कार्यालयबाट परिमाण खुलाई पूर्व स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्पिरिटमा पाइरिडिन (Pyridine) वा कोचिसिन (Caotchoucine) वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गर्नु पर्नेछ । यस्तो मिश्रणमा आवश्यकतानुसार रङ्गिन गर्नु पर्ने गरी मूल्य अभिवृद्धि कर विभागले निर्देशन दिन सक्नेछ ।

२३. आ.व. २०५४।५५ सम्म बक्यौता रहेको अन्त:शुल्क २०५५ कार्तिक मसान्तसम्म चुक्ता गर्नेलाई लागेको बिलम्ब दस्तुर मिनाहा दिइनेछ ।

२४. मदिरा, स्पिरिट, बीयर र चुरोट बाहेक अन्य अन्त:शुल्क लाग्ने पदार्थहरुलाई स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गर्न दिइनेछ ।

द्रष्टव्य :- खुद्रीकेन्द्रसमा प्रस्तावित गरिएको प्रति लिटर रु. ५।- को अन्त:शुल्कको व्यवस्था हटाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ४
मूल्य अभिवृद्धि कर दरबन्दी
आ.व. २०५५।५६

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को कारोबार अङ्क रु. १० लाखको सट्टा रु. ३० लाख गरिएकोछ । एउटै व्यक्तिको नाममा जतिसुकै फर्म वा कारोबार जुनसुकै निकायमा दर्ता भए पनि मूल्य अभिवृद्धि करको प्रयोजनका लागि कर अधिकृतले सबै कारोबारको अङ्कलाई एउटै कारोबारको अङ्क मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

३. आ.व. २०५५।५६ मा श्री ५ को सरकारले तोकिदिएको दुर्गम पहाड़ी जिल्लाहरुमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ लागू हुने छैन । उक्त नियमको रु. १०,०००।- को सट्टा रु. २५,०००।- गरिएकोछ ।

४. मूल्य अभिवृद्धि कर नियमावलीको नियम ६(१) को प्रतिबन्धात्मक वाक्यांशको ठाउँमा "तर नेपाल अधिराज्यभित्र घरेलु उद्योगले स्वःप्रयोजनका लागि आफै आयात गर्नेदेखि बाहेक कुनै पनि फर्म, कम्पनी वा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता नगरी व्यापारिक प्रयोगका लागि आयात गर्न पाउने छैन ।" भनी राखिएकोछ ।

५. क्षिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरुमा मात्र मूल्य अभिवृद्धि कर असुल गरिने छैन ।

६. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको पैठारीकर्ताले सोही सूचनामा तोकिएको शर्तका अधीनमा रही मूल्य अभिवृद्धि कर बराबरको रकमको बैंक ग्यारेण्टी दिई पैठारी गर्न पाउने व्यवस्था गर्न सक्नेछ ।

७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि ब्याजको दर १५% हुनेछ । ब्याजमाथि ब्याज असुल गरिने छैन ।

८. मूल्य अभिवृद्धि कर असुली वा फिर्ता गर्दा एक रुपैयाँभन्दा घटि भएको रकमलाई हिसाबमा गणना गरिने छैन ।

९. मूल्य अभिवृद्धि कर विभागको करदाता दर्ता, ठूला करदाता सेवा, कर फिर्ता, कर संकलन र कर परीक्षण जाँच सम्बन्धी शाखाहरुका निर्देशक तथा शाखा अधिकृतहरुलाई कर अधिकृत तोकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92६०४

१०. मूल्य अभिवृद्धि कर लागू हुनुभन्दा अघि सम्झौता वा ठेक्का बन्दोवस्त भैसकेकोमा ठेक्का कर ऐन, २०२३ बमोजिम नै हुनेछ । तर ठेकेदारले मूल्य अभिवृद्धि कर ऐन अनुसार त्यस्तो कारोबारको लेखा राखी कर तिर्न चाहेमा सो अनुसार गर्न दिइनेछ ।

११. बिक्री मूल्यमा दिएको असमान छुट वा न्यून बिजकीकरण गर्नु पर्ने औचित्य प्रमाणित गर्न नसक्ने बिक्रीको हकमा मूल्य अभिवृद्धि कर ऐनको दफा १३ अनुसार कर अधिकृतले कर निर्धारण गरी लाग्ने करको शत प्रतिशत रकम बिक्रेताबाट जरिबाना सरह असुल गर्न सक्नेछ ।

१२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१) को खण्ड (ङ) को सट्टा कर विवरण ढिला बुझाएमा लाग्ने करको प्रतिदिन ०.१% का दरले जरिबाना लगाई असुल उपर गरिनेछ ।

१३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६(२) र दफा २९ (१) अनुसार आ.व. २०५४।५५ मा लागेको ब्याज र जरिबाना करदाताले कर विवरण र विवरण अनुसार दाखिला गर्नु पर्ने कर र दफा १९ अनुसारको दस्तुर बुझाएमा मिनाहा दिइनेछ ।

१४. क्यास मेशीन प्रयोग गरी बिजक जारी गर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेताहरुको हकमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १८ को उपनियम (६) को रु. ५००।- को हद बन्देज लागू हुने छैन ।

१५. मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताहरुसंग मौज्दातमा रहेका तर पहिले कर कट्टी सुविधा नलिएका सामानहरु मध्ये कर विभागबाट मान्यता दिएको हदसम्म मूल्य अभिवृद्धि कर अन्तर्गत विशेष व्यवस्था मिलाई त्यस्तो मौज्दात सामानको सम्बन्धित करदाताले घोषणा गरेको मूल्यको १० प्रतिशत त्यस्तो मौज्दात सामानमा पहिले कर तिरेको मानी उक्त कर रकमको ७५ प्रतिशत कर कट्टी सुविधा प्रदान गरी २५ प्रतिशत मात्र कर असुली गरिनेछ । यस्तो कर कट्टी सुविधा सो सामान बिक्री गरेपछि बिक्री गरेको हदसम्म मात्र प्रदान गरिनेछ ।

१६. कोल्याटर अन्तर्गत बैंक वा वित्तीय संस्थाको नाउँमा पैठारी वा खरिद गरिएको मेशीनरी आदि पूँजीगत सामान विभागको स्वीकृति भएमा सम्बन्धित उद्योग, कम्पनी आदिले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा लागेको मूल्य अभिवृद्धि कर सम्बन्धित उद्योग वा कम्पनीलाई कट्टी गर्न दिइनेछ ।

१७. फर्म, कम्पनी वा उद्योगको रुपमा कारोबार गर्दा आफ्नै नाम, ठेगाना र सिलसिलेवार नम्बर सहितको बिजक अनिवार्य रुपमा जारी गर्नु पर्नेछ । मूल्य अभिवृद्धि करको प्रयोजनका लागि कर प्रशासनले आवश्यक देखेमा महानिर्देशकको स्वीकृति लिएर दर्ता नभएका बिक्रेता वा आपूर्तिकर्ताको लेखा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँच्न सक्नेछ र अभिलेख राखेको नपाइएमा मूल्य अभिवृद्धि कर ऐनको दफा २९(१) को खण्ड (च) अनुसार जरिबाना गरी असुल उपर गर्न सक्नेछ।

१८. काठको कारोबारमा लिलामी भएको, छोडपूर्जी पाएको वा चिरान आदेश पाएको समय मध्ये जुन पहिले हुन्छ सो समयमा सम्बन्धित निकायहरुले मूल्य अभिवृद्धि कर सोझै बैंकमा भौचर भराइं असुल गर्नु पर्नेछ। मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले त्यसरी कर तिरेको रकम आफ्नो बिक्रीबाट संकलन गरेको करमा कट्टी गर्न पाउने छन्।

१९. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा देहाय बमोजिम हेरफेर गरिएकोछ :-

(क) समूह २ को खण्ड (क) हटाइएकोछ।

(ख) समूह ४ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

"(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशीन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य विष, मत्स्य इन्कुवेटर, ८ अश्वशक्तिसम्मको पम्पिङ्ग सेट र सोको ३० मिटरसम्मको होज पाइप।"

(ग) समूह ५ को खण्ड (घ) मा "भ्याक्सिन" थपिएकोछ।

(घ) समूह ७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) खण्ड (क) देखि (ग) सम्मका वस्तुहरुको मुद्रण र प्रकाशन"

(ङ) समूह ८ को खण्ड (घ) हटाइएकोछ।

(च) समूह ११ को खण्ड दफा ७ पछि देहायको दफा ८ देखि २४ सम्म थपिएकोछ :-

८. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री

९. वैकल्पिक ऊर्जा केन्द्रको सिफारिसमा बायोग्यास, सौर्य शक्ति र वायु शक्तिबाट ऊर्जा उत्पादन गर्ने प्लाण्ट र तिनका मुख्य पार्टपूर्जा

१०. हवाईजहाज, हेलिकोप्टर, दमकल र एम्बुलेन्स



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची – ५**
**चलचित्र विकास शुल्क**
**आ.व. २०५५।५६**

१. आ.व. ०५५।५६ मा प्रत्येक चलचित्र घरले आफ्नो टिकटको प्रवेश शुल्कमा निम्न अनुसारको चलचित्र विकास शुल्क लगाई असुल गर्नु पर्नेछ ।

(क) काठमाडौं उपत्यकामा

(१) ड्रेस सर्कल, बाल्कोनी र स्पेशल श्रेणीमा ५५%

(२) माथि उल्लेख भएदेखि बाहेक अन्य श्रेणीमा ४०%

(ख) उपत्यका बाहिर

(१) ड्रेस सर्कल, बाल्कोनी र स्पेशल श्रेणीमा ३०%

(२) माथि उल्लेख भएदेखि बाहेक अन्य श्रेणीमा २५%

२. आ.व. २०५५।५६ मा चलचित्र हलहरुबाट दफा ५ बमोजिम चलचित्र विकास शुल्क असुल उपर गरिनेछ ।

३. आ.व. २०५५।५६ मा काठमाडौं उपत्यकाभित्रका चलचित्र घरहरुलाई निम्नानुसार वर्गीकरण गरिएकोछ :-

"क" वर्ग – १००० सीट भन्दा माथिका चलचित्र हलहरु

"ख" वर्ग – ८०० देखि ९९९ सम्म सीट संख्या भएका चलचित्र हलहरु

"ग" वर्ग – ७९९ सम्म सीट संख्या भएका चलचित्र हलहरु

"घ" वर्ग – हाइभिजन हलहरु

४. आ.व. २०५५।५६ मा काठमाडौं उपत्यकादेखि बाहिरका चलचित्र घरलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछ :-

"ख" वर्ग विराटनगर उपमहानगरपालिका, जनकपुर र वीरगञ्ज नगरपालिका क्षेत्रभित्रका चलचित्र घरहरु

"ग" वर्ग (१) नेपालगञ्ज, राजविराज, दमक, इटहरी, लहान, घोराही र धनगढी नगरपालिका क्षेत्रभित्रका चलचित्र घरहरु

(२) झापाको विर्तामोड, मोरङ्गको वेलवारी र उर्लावारी, सुनसरीको इनरुवा बजार, सर्लाहीको मलङ्गवा र लालबन्दी, बाराको कलैया, रौतहटको चन्द्रनिगाहपुर,

१२९६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

चितवनको पर्सा र रत्ननगर, कपिलवस्तुको कृष्णनगर र तौलिहवा, कञ्चनपुरको महेन्द्रनगर क्षेत्रभित्र पर्ने चलचित्र घरहरु

"घ" वर्ग — माथि नपरेका सबै चलचित्र घरहरु र हाइभिजन हलहरु

५. आ.व. २०५५।५६ का लागि चलचित्र विकास शुल्कको दर :

| चलचित्र घरहरुको वर्गीकरण | चलचित्र विकास शुल्कको दर |
|---|---|
| "क" वर्ग | श्रावण १, २०५५ मा कायम रहेको श्रेणी अनुसारको कुल सिट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा हुने कुल चलचित्र विकास शुल्कको २२% वा वास्तविक प्रवेश टिकट बिक्रीबाट दफा १ बमोजिम असुल भएको रकम मध्ये जुन बढी हुन्छ । |
| "ख" वर्ग | श्रावण १, २०५५ मा कायम रहेको श्रेणी अनुसारको कुल सिट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा हुने कुल चलचित्र विकास शुल्कको २०% वा वास्तविक प्रवेश टिकट बिक्रीबाट दफा १ बमोजिम असुल भएको रकम मध्ये जुन बढी हुन्छ । |
| "ग" वर्ग | श्रावण १, २०५५ मा कायम रहेको श्रेणी अनुसारको कुल सिट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा हुने कुल चलचित्र विकास शुल्कको १५% वा वास्तविक प्रवेश टिकट बिक्रीबाट दफा १ बमोजिम असुल भएको रकम मध्ये जुन बढी हुन्छ । |
| "घ" वर्ग | श्रावण १, २०५५ मा कायम रहेको श्रेणी अनुसारको कुल सिट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा हुने कुल चलचित्र विकास शुल्कको १०% वा वास्तविक प्रवेश टिकट बिक्रीबाट दफा १ बमोजिम असुल भएको रकम मध्ये जुन बढी हुन्छ । |

६. मूल्य अभिवृद्धि करको लागि कर लाग्ने कारोबारको गणना गर्दा प्रवेश शुल्क, विज्ञापन जस्ता कर लाग्ने आपूर्तिका आधारमा गरिनेछ ।

७. मूल्य अभिवृद्धि करमा दर्ता भएका चलचित्र हलहरुको शुल्क बुझाउने अवधि त्रैमासिक हुनेछ । अन्यको हकमा यस्तो अवधि मासिक हुनेछ । शुल्क बुझाउने प्रत्येक अवधिको समाप्ति पछिको २५ गतेभित्र दफा ४ [illegible]

तोकिएको कोषमा दाखिल गरी सोको भौचर सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । सो अवधिभित्र शुल्क नबुझाउनेलाई प्रति दिन ०.१% का दरले जरिवाना गरी असुली गरिनेछ । २ महिना व्यतित भएपछि पनि जरिवाना सहित शुल्क नबुझाउने चलचित्र घर बन्द गरी लागेको शुल्क तथा जरिवाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ ।

८. शुल्कबाट उठेको रकम एउटा छुट्टै कोषमा दाखिल गरिनेछ । सो कोषमध्ये नेपाली निर्माताहरुबाट निर्मित सबै प्रकारका चलचित्रहरुको प्रदर्शनबाट उठेको शुल्कको ६५ प्रतिशत र २० प्रतिशत रकम प्रचलित कानून बमोजिम गठित चलचित्र विकास बोर्डले आफ्नो कार्य प्रारम्भ नगरेसम्म क्रमशः चलचित्रका निर्माता र चलचित्र प्रदर्शन गर्ने चलचित्र घरधनीलाई सम्बन्धित कार्यालय मार्फत् उपलब्ध गराउनेछ । यस्तो बोर्डले आफ्नो कार्य प्रारम्भ गरेपछि श्री ५ को सरकारले तोकिदिएको शर्तमा रहने गरी तोकिदिए बमोजिमको रकम राष्ट्र भाषा र राष्ट्रिय भाषामा निर्मित चलचित्र विकासको लागि उक्त बोर्डले उपलब्ध गराउनेछ ।

९. शुल्क सम्बन्धी प्रशासन मूल्य अभिवृद्धि कर कार्यालय भएको जिल्लामा र मूल्य अभिवृद्धि करमा दर्ता भएकाहरुको हकमा सो कार्यालयले, मूल्य अभिवृद्धि कर कार्यालय नभएको जिल्लामा र मूल्य अभिवृद्धि करमा दर्ता नभएकाहरुको हकमा कर कार्यालयले र सो बाहेकका अन्य जिल्लाहरुमा मूल्य अभिवृद्धि करमा दर्ता नभएकाहरुको हकमा जिल्ला हुलाक कार्यालयले गर्नेछ । चलचित्र घरधनीहरुले उपर्युक्त बमोजिम जिल्लास्थित मूल्य अभिवृद्धि कर वा कर कार्यालय वा जिल्ला हुलाक कार्यालयहरुको छाप र अधिकृतको हस्ताक्षर भएको प्रवेश टिकट मात्र प्रयोग गरी दर्शकलाई चलचित्र घरमा प्रवेश गराउनु पर्नेछ । यस व्यवस्थाको उल्लंघन गरेको पाइएमा सम्बन्धित अधिकृतले त्यस्तो चलचित्र घरधनीबाट चुहावट भएको शुल्क र सोको दोब्बर रकम जरिवाना गरी असुल गर्नेछ । कुनै चलचित्र घरधनीले दोस्रो पटक यो दफा उल्लंघन गरेमा माथि उल्लेखित शुल्क र जरिवानाका अतिरिक्त सम्बन्धित अधिकृतले आवश्यक देखेमा त्यस्तो चलचित्र घर ७ दिनसम्मका लागि बन्द गर्न सक्नेछ ।

१०. सात दिन वा सोभन्दा बढी समयसम्म कुनै कारणले चलचित्र प्रदर्शन नभएको कुरा दफा ९ मा तोकिएको कार्यालयले प्रमाणित गरी मूल्य अभिवृद्धि कर विभागमा मिनाहाको लागि सिफारिस गरेमा त्यसरी प्रदर्शन नभएको समयको आधारमा बुझाउनु पर्ने शुल्क दामासाहीले मिनाहा गरी बाँकी रकम असुल गर्न सो विभागले सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ । तर दैवी प्रकोप, राजनैतिक बन्द र उपकरणीय मर्मत सम्भारका कारणले चलचित्र घर बन्द भएको दफा ९ मा तोकिएको कार्यालयले प्रमाणित गरेको अवस्थामा शुल्क तथा कर लाग्ने छैन ।

११. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिम हुनेछ ।

१२. साविकको मनोरञ्जन करको वक्यौता रकम २०५५ कार्तिक मसान्तसम्म चुक्ता गरेमा लागेको सम्पूर्ण जरिवाना मिन्हा दिइनेछ । उक्त अवधिपछि साविकको मनोरञ्जन करको वक्यौता रकम असुल उपर गर्न बाँकी रहेका चलचित्र घरहरुलाई आ.व. २०५५।५६ मा कर बाँकी भएसम्म कुनै पनि चलचित्र प्रदर्शन गर्न दिइने छैन ।

१३. चलचित्र विकास शुल्क सम्बन्धी तोकिएको अधिकारीले दफा ९ बमोजिम गरेको निर्णय उपर ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिनेछ ।

१४. विद्यार्थीवर्गको सहुलियतको लागि हप्ताको एक दिन शनिवारको पहिलो शो मा लाग्ने चलचित्र विकास शुल्कमा ५०% छुट दिइनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग
9269

अनुसूची - ६

आयकर

१. व्यक्ति, दम्पत्ति वा परिवारको खुद आयमा देहायको खण्ड (क) बमोजिम छुट दिई बाँकी कर लाग्ने आयमा खण्ड (ख) बमोजिमको दरले कर लगाइं असुल उपर गरिनेछ :-

(क) आयकर नलाग्ने हद : छुट सीमा

| | | |
|---|---|---|
| (१) | व्यक्तिको लागि | रु. ४०,०००।- |
| (२) | दम्पत्ति वा परिवारको लागि | रु. ५०,०००।- |

(ख) आयकरको दर :

| | कर लाग्ने आय | करको दर |
|---|---|---|
| (१) | पहिलो रु. ७५,०००।- मा | १५ प्रतिशत |
| (२) | त्यसपछिको बाँकी रकममा | २५ प्रतिशत |

२. संगठित संस्था, कम्पनी (प्रा.लि.समेत) को खुद आयमा एकमुष्ट देहाय बमोजिमको दरले कर लगाई असुल उपर गरिनेछ :-

| | | करको दर |
|---|---|---|
| (क) | बैंक, वित्तीय कम्पनी लगायत वित्तीय संस्थाहरु | ३० प्रतिशत |
| (ख) | अन्य | २५ प्रतिशत |

३. साझेदारी फर्मको खुद आयमा २५ प्रतिशत समदरले कर लगाई असुल उपर गरिनेछ।

४. अस्थायी बासिन्दालाई दफा १ को खण्ड (क) अनुसार छुट नदिइं सोही दफाको खण्ड (ख) अनुसारको दरले कर लगाई असुल उपर गरिनेछ ।

५. व्यक्ति, दम्पत्ति वा परिवार, संगठित संस्था, कम्पनी, साझेदारी फर्म तथा अस्थायी बासिन्दालाई दफा १, २, ३ र ४ अनुसार लाग्ने करको अतिरिक्त देहाय बमोजिमको दरले अतिरिक्त कर (सर चार्ज) लगाई असुल उपर गरिनेछ । तर दफा १ को खण्ड (ख) को उपखण्ड (१) अनुसार मात्र आयकर लाग्ने करदाताको हकमा अतिरिक्त कर (सर चार्ज) लाग्ने छैन ।

(क) अस्थायी बासिन्दा र गैर नेपाली नागरिकलाई लाग्ने आयकरमा थप ३० प्रतिशत,

(ख) अन्य सबै आयकरदातालाई लाग्ने आयकरमा थप १० प्रतिशत ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9262

६. पारिश्रमिकको खुद आय निर्धारण गर्दा आयकर ऐन, २०३१ को दफा १३ को खण्ड (ख) बमोजिम अन्य खर्च बापत पारिश्रमिक रकमको १५ प्रतिशत वा रु. १०,०००।- मध्ये जुन घटी हुन्छ सो रकम छुट दिइनेछ ।

७. आयकर ऐन, २०३१ अनुसार पारिश्रमिकको आय निर्धारण गर्दा सोही ऐनको दफा २६ र ४३ अनुसार दिइने बीमा र चन्दा बापतको खर्च सञ्चय कोषमा जम्मा गरेको पारिश्रमिक रकमको १० प्रतिशतसम्मको खर्च, नागरिक लगानी कोषमा वार्षिक रु. १ लाखसम्म पारिश्रमिक पाउने व्यक्तिले मासिक पारिश्रमिकको १० प्रतिशतसम्मको लगानी बापतको खर्च, नागरिक लगानी कोषमा कट्टी गरिएको पारिश्रमिक रकमको १० प्रतिशतसम्मको खर्च, आयकर ऐनको दफा १३ को खण्ड (ख) बमोजिम दिइएको खर्च र आयकर ऐनको दफा ८ अनुसार आयमा समावेश नगरिने रकमहरु बाहेक श्री ५ को सरकारले दिई आएको कर छुटहरु तथा अन्य कुनै पनि खर्चहरु पारिश्रमिक आयको खुद आय निर्धारण गर्दा मिन्हा दिइने छैन । नागरिक लगानी कोषमा जम्मा हुने रकम र त्यसबाट प्राप्त हुने ब्याजमा आयकर लाग्ने छैन ।

८. कुनै दम्पत्ति वा परिवारमा पति र पत्नी दुवैजना पारिश्रमिक आय मात्र आर्जन गर्ने रहेछन् भने त्यस्ता पति र पत्नी दुवैलाई व्यक्ति सरह छुट दिई छुट्टाछुट्टै आयकर निर्धारण गरिनेछ । पति वा पत्नी मध्ये कसैको अन्य आयश्रोत समेत रहेछ भने निजको पारिश्रमिकमा अन्य श्रोतको आय समेत जोडी कर निर्धारण गरिनेछ ।

९. यस अनुसूचीको दफा १४, १५, १६ र १७ अनुसार कर तिर्ने बाहेकका अन्य करदाताले पछिल्लो कर निर्धारण बमोजिम कायम भएको खुद आय, करदाताले पेश गरेको पछिल्लो आय विवरण बमोजिमको खुद आय वा चालु वर्षको सम्भावित खुद आयमध्ये जुन बढी हुन्छ सो मा चालु आर्थिक वर्षको करका दरले (अतिरिक्त कर समेत) लाग्ने कर चालु वर्षको अग्रिम कर बापत ३ किस्तामा देहाय बमोजिम बुझाउनु पर्नेछ :-

(१) <u>अग्रिम कर किस्तावन्दीको दर</u> :

| समयावधि | अग्रिम करको किस्ता रकम |
|---|---|
| पौष मसान्तसम्म | तिर्नु पर्ने करको ४० प्रतिशत |
| चैत्र मसान्तसम्म | तिर्नु पर्ने करको ७० प्रतिशत |
| आषाढ मसान्तसम्म | तिर्नु पर्ने करको १०० प्रतिशत |

(२) आय विवरण पेश गर्नु पर्ने वर्षमा आय विवरणसाथ दाखिला गर्नु पर्ने कर रकममा पहिले बुझाएको अग्रिम कर रकम कट्टा गरी बाँकी रकम दाखिला गर्नु पर्नेछ र बढी अग्रिम कर दाखिला भएमा अन्तिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर निर्धारण भएको मितिले ६ महिनाभित्र फिर्ता दिइनेछ । फिर्ता दिन नसकेमा दिनगन्तिको हिसाबले वार्षिक १५ प्रतिशतका दरले ब्याज दिइनेछ । किस्तावन्दी बमोजिम बुझाउनु पर्ने चालु वर्षको अग्रिम कर रकममा करदाताको नाममा श्रोतमा कर कट्टी भई अग्रिम आयकर श्री ५ को सरकारको राजस्व खातामा जम्मा भएको रहेछ भने सो घटाउन सक्नेछ ।

(३) गत वर्षको खुद आयको आधारमा अग्रिम कर माग गर्दा गत वर्ष पुरा वर्षको आय विवरण पेश भएको रहेनछ भने सो खुद आयलाई आधार मानी दामासाहीले १ वर्षका लागि हुने खुद आय कायम गरी सो मा लाग्ने कर उपरोक्त अनुसार अग्रिम माग गरिनेछ ।

(४) यस दफाको प्रयोजनको लागि चालु वर्षको सम्भावित खुद आय निकाल्ने तरिका श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

(५) करदाताले आफ्नो अघिल्लो वर्षको तुलनामा २० प्रतिशत वा सो भन्दा बढी प्रतिशतले चालु वर्षमा कारोबार घटेको प्रमाण पेश गरेमा बुझाउन बाँकी किस्तामा समायोजन गरी घटी अग्रिम कर बुझाउन कर अधिकृतले स्वीकृति दिन सक्नेछ । तोकिएको समयभित्र किस्ता नबुझाउने करदातासंग वार्षिक १५ प्रतिशतका दरले दिनगन्तिको हिसाबले शुल्क लगाई असुल उपर गरिनेछ ।

१०. नेपाल अधिराज्यभित्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतबाट सामान पैठारी गर्ने करदाताबाट र त्रिभुवन विमानस्थल भंसार कार्यालयबाट झिटी गुण्टाको रुपमा ल्याएका भंसार महसुल नलाग्ने निजी प्रयोगको सामान बाहेकमा भंसारले कायम गरेको मूल्यको ५ प्रतिशतले अग्रिम आयकर असुल गरिनेछ । तर प्रतितपत्रको माध्यमबाट हुने पैठारीमा लाग्ने अग्रिम आयकरको दर दफा ११ वा १२ बमोजिम हुनेछ । वस्तु विनिमय अन्तर्गत पैठारी गर्ने करदाताबाट समेत ५ प्रतिशतले अग्रिम आयकर असुल गरिनेछ । यस्तो पैठारीसंग आवद्ध वस्तु विनिमयको निकासीमा आयकर लाग्ने छैन ।

११. उद्योगको कच्चा पदार्थ एवं उद्योगको प्रयोजनको निमित्त उद्योग स्वयंले पैठारी गर्ने मील मेशिनरी तथा औषधी एवं निजी सामान बाहेक अन्य व्यापारिक सामानको पैठारीमा आ.व. २०५३।०५४ सम्ममा आयकर दर्ता प्रमाणपत्र जारी भई अद्यावधि नविकरण भएका करदाताहरुबाट भंसारले कायम गरेको मूल्यको १ प्रतिशत अग्रिम आयकर भंसारमै असुल गरिनेछ । तर व्यापारिक प्रयोजनको निमित्त पैठारी हुने खाद्य पदार्थ, कृषि पैदावार, कृषिजन्य प्रशोधित तथा अप्रशोधित पैदावार र जीवित जीव-जन्तु, चरा-चुरुङ्गी र चरा-चुरुङ्गीको फुल, सबै प्रकारको मासु, जर्दा, सुर्ती, पान पराग, बिडी, तमाखु, चुरोट, मदिरा र बियरमा भंसारले कायम गरेको मूल्यमा ४ प्रतिशतले अग्रिम आयकर भंसारमै असुल गरिनेछ ।


आधिकारिकता मुद्रणबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. आयकर दर्ता प्रमाणपत्र नवीकरण नभएका वा आयकर दर्ता प्रमाणपत्र नभएकाहरुले निजी सामान बाहेक अन्य सामान पैठारी गरेमा भंसारले कायम गरेको मूल्यको ५ प्रतिशत अग्रिम आयकर भंसारमै असुल गरिनेछ । विगत आर्थिक वर्षहरुमा आयकर दर्ता प्रमाणपत्र लिने करदाताहरु (उद्योग बाहेक) मध्ये आयकर तिरी नसकेका करदाताहरुको आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्दा प्रमाणपत्रको कैफियत महलमा "आयकर नतिरेको" भन्ने जनाई कर अधिकृतले प्रमाणित गर्नु पर्नेछ । यस्तो कैफियत जनाइएको तथा आ.व. २०५४।०५५ र २०५५।०५६ मा जारी भएको आयकर दर्ता प्रमाणपत्रको माध्यमबाट पैठारी गर्दा भसार विन्दुमा भंसारले कायम गरेको मूल्यको ५ प्रतिशतका दरले अग्रिम आयकर असुल गरिनेछ । आ.व. २०५४।०५५ को कर चुक्ता भइसकेपछि आयकर दर्ता प्रमाणपत्रको कैफियतमा कर नतिरेको जनिएको भए सो खारेज गरी कर अधिकृतले प्रमाणित गरि दिनेछ । यस्तो अग्रिम कर अन्तिम कर निर्धारण हुँदा वा चालु वर्षको अग्रिम कर माग गरिंदा हिसाब मिलान गरिनेछ ।

१३. यात्रुहरुले भंसार महसुल पूर्ण रुपमा छुट हुने गरी ल्याउन पाउने तोकिएको परिमाणसम्मको सुन तथा सुनको गहना वा चाँदी तथा चाँदीको गहना बाहेक विदेशबाट आफूसंग ल्याएको काँचो सुन वा चाँदी पैठारीमा भंसार मूल्यको ०.२५ प्रतिशत र सुन वा चाँदीको गहना पैठारीमा भंसार मूल्यको ०.५ प्रतिशत अग्रिम आयकर भंसार कार्यालयले असुल गर्नेछ ।

१४. रु. ७ लाखसम्म कारोबार वा रु. ७० हजारसम्म खुद आय भएका देहाय बमोजिमको पेशा व्यवसाय गर्ने व्यवसायीहरुले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर महानगरपालिका तथा उपमहानगरपालिका क्षेत्रमा कारोबार गर्ने करदाताले रु. १,२००।- अन्य नगरपालिका क्षेत्रमा कारोबार गर्ने करदाताले रु. १,०००।- र सो बाहेक अन्य क्षेत्रमा कारोबार गर्ने करदाताले रु. ७५०।- बैंक वा सम्बन्धित कर कार्यालयमा तिर्न पाउने छन् । कर प्रयोजनको निमित्त राखिएको अभिलेखबाट अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक यस्तो पूर्वानुमानित कर तिर्नेहरुको हकमा अन्तिम कर निर्धारण भए सरह मानिनेछ र कर रकम तिरेको निस्सालाई कर चुक्ता प्रमाण सरह मान्यता दिइनेछ :-

(क) खुद्रा किराना पसल,

(ख) खुद्रा चामल पसल,

(ग) मासु पसल,

(घ) कोल्ड ड्रिङ्कसको पसल,

(ङ) तरकारी तथा फलफूलको पसल,

(च) फोटोकपी गर्ने पसल,

(छ) सेक्रेटरियल सर्भिस,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ज) सिलाई पसल

(झ) धुलाई पसल,

(ञ) कपाल काट्ने पसल,

(ट) विद्युतीय सामान मर्मत पसल,

(ठ) वेल्डिङ्ग तथा ग्रिल बनाउने कार्यशाला,

(ड) यन्त्र नराखी सवारी साधन मर्मत गर्ने कार्यशाला,

(ढ) घडी मर्मत गर्ने पसल (कुनै खास उत्पादक वा निजको एजेन्सीको रुपमा खोलिएको पसल बाहेक),

(ण) पेण्टिङ्गको कारोबार गर्ने,

(त) इम्ब्राइडरीको काम गर्ने,

(थ) चुरा पोते पसल ।

१५. साना करदाता आयकर निर्धारण समितिबाट खुद आय कायम भई कर चुक्ता गरी सकेका साना आयकरदाताहरुले पेश गरेको आय विवरणमा कर प्रयोजनको निमित्त राखिएको अभिलेखबाट अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक त्यस्ता करदाताहरुले आफ्नो आय विवरण साथ गत वर्षमा तिरेको कर रकमको १५ प्रतिशत थप कर सहित सम्बन्धित बैंकमा वा कर कार्यालयमा विवरण दाखिल गरेमा कर निर्धारण भए सरह मानिनेछ । यस्तो विवरण तथा कर दाखिलाको निस्सालाई कर चुक्ता प्रमाण सरह मान्यता दिइनेछ ।

१६. घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका रु. ७ लाखसम्म वार्षिक कारोबार हुने साना उद्योगहरुले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर रु. ७५०।- बैंक वा सम्बन्धित कर कार्यालयमा तिर्न पाउने छन् । यस्तो कर तिरेको निस्सालाई कर चुक्ता प्रमाण सरह मान्यता दिइनेछ ।

१७. दफा १४, १५ र १६ बमोजिम कर नतिर्ने तथा आफ्नो कारोबारको हिसाब किताब राख्न नसक्ने वार्षिक रु. ७०,०००।- सम्म खुद आय हुने साना करदाताहरुको कर निर्धारण साना करदाता आयकर निर्धारण समितिबाट गरिनेछ।

१८. रु. २० लाखसम्मको अन्य ठेक्कामा २ प्रतिशत र राशन ठेक्कामा १ प्रतिशतका दरले एकमुष्ट आयकर लाग्नेछ । भुक्तानीकै अवस्थामा उक्त रकम कट्टा गरी कर कार्यालयमा दाखिला गर्नु पर्नेछ । ठेक अङ्कको गणना गर्दा मूल्य अभिवृद्धि समेत गणना गरिनेछ । यस्ता करदाताहरुको अन्य आयश्रोत नभएमा आय विवरण पेश गरि रहनु पर्ने छैन, ठेक्काको विवरण मात्र दिए पुग्नेछ । ठेक्काको विवरण पेश सम्बन्धित ठेक्का दिने कार्यालयमा पेश गरेपछि सम्बन्धित ठेक्का दिने कार्यालयबाट लाग्ने कर र विवरण कर कार्यालयमा पठाएपछि मात्र धरौटी फुकुवा दिइनेछ । रु. २० लाख भन्दा बढीको अन्य ठेक्कामा २ प्रतिशत सब कन्ट्याक्टमा १.५ प्रतिशत र राशन ठेक्कामा १ प्रतिशतले न्यूनतम पूर्वानुमानित

मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

९२६८

कर भुक्तानीको अवस्थामा नै अग्रिम कट्टा गर्नु पर्नेछ । सो कर रकम पछि कर निर्धारण हुँदा मिलान गरिनेछ । अन्तिम कर निर्धारण गर्दा दफा ५ अनुसारको अतिरिक्त कर समेत लाग्नेछ । कुनै करदाताले आफ्नो आय विवरणसाथ हिसाब किताब पेश गर्न नसकेमा यस्तो पूर्वानुमानित कर (अतिरिक्त कर समेत) लाई अन्तिम कर सरह मानिनेछ । धरौटी रहने ठेक्कामा समेत ठेक रकम भुक्तानी दिंदा वा लिंदा अग्रिम कर कट्टी गर्नु पर्नेछ ।

१९. अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्ष भन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खुद आय पुरा ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ । तर एउटा ठेक्काको अवधि पूरा नहुँदै अरु ठेक्का लिने करदाताले प्रत्येक ठेक्कामा छुट्टा छुट्टै आय व्यय देखिने गरी ठेक्काको हिसाब समेत पेश गर्नु पर्नेछ । कारोबार वा ठेक्कापट्टामा भाग लिनु पर्दा कर चुक्ताको प्रमाण पेश गर्नु पर्नेछ । पुरा ठेक्काको हिसाबले आय विवरण पेश गर्ने करदाताले प्रत्येक वर्ष कार्य समाप्तिको प्रतिशतको आधारमा (Percentage Completion Basis) मा अस्थायी आय विवरण पेश गर्नु पर्नेछ ।

२०. नेपाल अधिराज्यमा हवाई यातायात संचालन गर्ने विदेशी हवाई कम्पनीहरुलाई नेपाल अधिराज्यभित्र गरेको कूल कारोबार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असुल उपर गरिनेछ । तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन नगरी कार्यालय मात्र स्थापना गरी कारोबार गर्ने विदेशी हवाई कम्पनीहरु, एजेण्ट वा प्रतिनिधि नियुक्ति गरी कारोबार गर्ने विदेशी हवाई कम्पनी, पानी जहाज र रेल कम्पनीहरु तथा विदेशी कुरियर कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यमा गरेको कूल कारोबार रकमको ३ प्रतिशतका दरले आयकर लगाई असुल उपर गरिनेछ । यस्ता हवाई कम्पनी, पानीजहाज र रेल कम्पनी तथा कुरियर कम्पनीहरुको त्रैमासिक कारोबारको आधारमा लाग्ने कर सो अवधि पछिको महिनामा स्थानीय कार्यालय, एजेण्ट वा प्रतिनिधिले बुझाउनु पर्नेछ । यसरी दाखिला भएको आयकर रकम आय विवरण पेश गर्दा मिलान गरिनेछ । यसरी एजेण्ट वा प्रतिनिधि नियुक्ति गरी कारोबार गर्ने विदेशी हवाईजहाज, पानीजहाज, रेल कम्पनी तथा कुरियर कम्पनीहरुलाई एजेण्ट वा प्रतिनिधिले भुक्तानी गर्दा वा पछि भुक्तानी गर्ने गरी वा हिसाब मात्र मिलान हुने गरी नाफा नोक्सान हिसाबमा खर्च लेख्दा जुन पहिले हुन्छ सोही अवस्थामा अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेछ ।

२१. नियमित व्यापार प्रक्रियाद्वारा निकासी गरी सो बापतको रकम मान्यता प्राप्त बैंकिङ्ग कागजातद्वारा नेपाल अधिराज्यभित्र भुक्तानी प्राप्त भएमा त्यस्तो निकासी गरी आर्जन गरेको आयमा र स्वदेशी उत्पादनकर्ताले आफ्नो उत्पादित वस्तु विदेशी मुद्रा आर्जन हुने गरी द्विपक्षीय वा बहुपक्षीय सहायता अन्तर्गत संचालित आयोजनाहरुमा अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट बिक्री गरेमा यस्तो बिक्रीबाट प्राप्त हुने आयमा आयकर लगाइने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
9266

२२. मदिरा उत्पादन गर्ने डिष्टिलरीहरुले मदिरा बिक्री गर्दा मूल्य अभिवृद्धि कर सहितको बिक्री मूल्यमा ५ प्रतिशतले हुने रकम बिक्री गर्दाको अवस्थामा खरिदकर्ताबाट अग्रिम आयकर असुल गरी बुझाउनु पर्नेछ । तर कमिशनको आधारमा मात्र मदिरा खरिद गर्नेलाई भुक्तानी गरिने कमिशन रकमको १० प्रतिशतले आयकर बापत अग्रिम कट्टी गरी दाखिला गर्नु पर्नेछ ।

२३. कृषि आयमा आयकर लाग्ने छैन । साथै काठमाडौं उपत्यका बाहिरका ग्रामीण क्षेत्रमा निजी स्तरबाट खोलिने पशु स्वास्थ्य केन्द्र तथा क्लिनिकले आर्जन गर्ने आम्दानीमा आयकर लाग्ने छैन ।

२४. आफ्नै चियाखेतीको मात्र चियापत्ती प्रशोधन गरी व्यापारिक कारोबार समेत गर्ने उद्योगको खुद आयमध्ये ६० प्रतिशत कृषि आय बापत छूट दिई बाँकी ४० प्रतिशत औद्योगिक आय मानी आयकर लाग्नेछ तर चियाखेती तथा प्रशोधनको छुट्टा छुट्टै हिसाब देखिने भएमा यस्तो छुट नदिई प्रशोधन आयमा मात्र पूरै कर लाग्नेछ ।

२५. स्वयं कर निर्धारण गर्न अनिवार्य भएका रु. १५ लाखसम्म वार्षिक कारोबार हुनेहरुको लागि आय विवरण सो सम्बन्धित खाता बही कर कार्यालय समक्ष पेश गर्दा अन्य लेखापरीक्षकबाट कर लेखापरिक्षण गराई पेश गर्न सक्ने छन् । यस्ता करदाताहरुलाई कर विभागद्वारा सुचिकृत लेखापरीक्षकद्वारा कर लेखापरिक्षण गर्न अनिवार्य हुने छैन ।

२६. उद्योग, व्यापार, पेशा, व्यवसायीले काममा लगाएका कामदार कर्मचारीलाई मासिक १ लाख रुपैयाँसम्म रकमको पारिश्रमिक दिनु परेमा कर अधिकृतले नै स्वीकृति दिनेछ । हालसम्म यस्तो स्वीकृति उपलब्ध भइ नसकेकोमा समेत निजले नै स्वीकृति दिनेछ ।

२७. श्री ५ को सरकार, श्री ५ को सरकारका संस्थानहरु, संवैधानिक निकाय तथा संवैधानिक निकाय अन्तर्गतका कार्यालयहरु, स्वशासित संस्था तथा प्रचलित कानून बमोजिम दर्ता भएका वा नभएका निकायहरु, अन्तर्राष्ट्रिय संस्था, स्वदेशी तथा विदेशी गैर सरकारी संस्था, नेपाली नागरिक वा संस्थालाई भुक्तानी गर्ने विदेशी संस्था, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, उद्योग, व्यापार, पेशा, व्यवसाय संचालन गर्ने व्यक्तिहरुले भुक्तानी गर्दा वा नाफा नोक्सान हिसाबमा खर्च लेख्दा जुन पहिले हुन्छ सोही अवस्थामा देहाय बमोजिम अग्रिम कर कट्टी गर्नु पर्नेछ । यसरी कट्टी भएका अग्रिम करहरुको फाँटबारी सहित दोश्रो महिनाको मसान्तभित्रमा र आषाढ महिनामा कट्टा गरिएको रकम भने सोही महिनाभित्र राजस्व खातामा दाखिला गर्नु पर्नेछ । अग्रिम आयकर कट्टी नगर्ने वा कट्टी गरे पनि समयमा नबुझाउनेसंग बाँकी अग्रिम कर रकम असुल उपर गरी सो रकमको वार्षिक १५ प्रतिशतका दरले थप शुल्क समेत लगाई असुल उपर गरिनेछ । सम्बन्धित आर्थिक वर्षको अन्त्यसम्म अग्रिम आयकर नबुझाएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बुझाउन बाँकी रकम तथा सो रकमको २५ प्रतिशत थप शुल्क समेत लगाई असुल उपर गरिनेछ।

| २७.१ भक्तानीको किसिम | अग्रिम कर कट्टीको दर |
|---|---|
| १. पारिश्रमिक | वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसाबले |
| २. घर, जग्गा बहाल समझदारीमा | भुक्तानी रकमको १५% |
| ३. आयकर दर्ता प्रमाणपत्र लिई परामर्श सेवा उपलब्ध गराएकोमा (प्राविधिक परामर्श सेवा समेत) | भुक्तानी रकमको ७% |
| ४. आयकर दर्ता प्रमाणपत्र नलिई परामर्श सेवा उपलब्ध गराएकोमा (प्राविधिक परामर्श सेवा समेत) | भुक्तानी रकमको १५% |
| ५. बैठक भत्तामा | भुक्तानी रकमको १०% |
| ६. राशन ठेक्कामा | भुक्तानी रकमको १% |
| ७. अन्य ठेक्कामा | भुक्तानी रकमको २% |
| ८. सब कन्ट्रयाक्टमा | भुक्तानी रकमको १.५% |
| ९. सम्झौता गरी वा नगरी भएका ढुवानी भाडा पटक पटक वा एकैपटकमा रु. २५ हजार भन्दा बढीको भुक्तानीमा | भुक्तानी रकमको २% |
| १०. कमिशन, रोयल्टीमा | भुक्तानी रकमको १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9265

| | | |
|---|---|---|
| ११. | कर लाग्ने गरी श्री ५ को सरकारले र नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको ब्याज, बैंक ब्याज तथा अन्य ब्याजमा | भुक्तानी रकमको ६% |
| १२. | विदेशी भाषाका फिल्म वितरकहरुलाई गरेको भुक्तानीमा | भुक्तानी रकमको १०% |
| १३. | नेपाली र नेपालका राष्ट्रिय भाषाका फिल्म वितरकहरुलाई गरेको भुक्तानीमा | भुक्तानी रकमको १% |
| १४. | चिट्ठा, उपहार नगद भुक्तानीमा र जिन्सीमा भए प्रचलित बजार मूल्य कायम गरी सो को भुक्तानीमा | भुक्तानी रकमको १५% |
| १५. | विदेशबाट भाडा, रेण्टल वा पर्चेज, लीजमा विमान (हवाईजहाज, हेलिकप्टर) ल्याई संचालन गरे बापतको भुक्तानीमा | भुक्तानी रकमको ३% |
| १६. | जीवन बीमा बाहेक अन्य बीमाको भुक्तानीमा | भुक्तानी रकमको २% |
| १७. | डाक्टरहरुलाई नर्सिङ्ग होमले दिने भुक्तानीमा | भुक्तानी रकमको १५% |
| १८. | सरसामान, मील, मेशिनरी, टेलिफोन, फर्निचर, सवारी साधन आदि निश्चित समय (घण्टा, दैनिक वा आवधिक) प्रयोग गरे बापत दिइने बहाल (भाडा) भुक्तानीमा | भुक्तानी रकमको १५% |
| १९. | नेपाल अधिराज्यबाट कारोबार गरी विदेशमा प्राप्त गर्ने भुक्तानीमा | भुक्तानी रकमको ३% |
| २०. | छपाई तथा विज्ञापनको भुक्तानीमा | भुक्तानी रकमको २% |
| २१. | चलचित्रकर्मी, रंगमञ्चका कलाकारहरु तथा व्यवसायिक खेलाडीहरुलाई दिएको भुक्तानीमा | भुक्तानी रकमको १०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २२. | एकैपटक वा पटक पटक गरी रु. १ लाख भन्दा बढीको आपूर्तिको भुक्तानीमा | भुक्तानी रकमको २% |
| २३. | ट्राभल, ट्रेकिङ्ग, होटल व्यवसाय संचालन गर्नेहरुले होटेल बुकिङ्ग र दृश्यावलोकन बुकिङ्ग गर्दा | भुक्तानी रकमको ५% |
| २४. | अन्य जुनसुकै आयको भुक्तानीमा | भुक्तानी रकमको १०% |

२७.२ स्पष्टीकरण :

(१) आयकर दर्ता प्रमाणपत्र लिई अद्यावधिक रुपमा नवीकरण भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दफा २७.१ बमोजिमको भुक्तानी बाहेक मालवस्तु मात्र खरिद गरी भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन, भुक्तानीको विवरणसम्म सम्बन्धित कर कार्यालयमा दिनु पर्नेछ ।

तर मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता रहेका बाहेक आयकर दर्ता प्रमाणपत्र नभएका र भए पनि नवीकरण नगराएकालाई मालवस्तु खरिद बापत एकैपटक वा पटक पटक गरी रु. १ लाख भन्दा बढी भुक्तानी भएमा र दर्ता प्रमाणपत्र भै नवीकरण गराएको भए पनि सम्झौता भई वा नभई निश्चित अवधिको लागि मालवस्तु आपूर्ति गर्ने वा सेवा प्रदान गर्ने व्यवस्था गरिएकोमा र मदिरा खरिद बिक्री गर्दा भने अग्रिम आयकर कट्टी गर्नु पर्नेछ ।

(२) दफा २७.१ को खण्ड २४ को प्रयोजनको लागि आय रकम यकिन हुन नसकी कारोबार रकम मात्र यकिन हुन सकेमा यस्तो कारोबार रकम भुक्तानी गर्दा ३ प्रतिशतले अग्रिम आयकर कट्टी गर्नु पर्नेछ ।

(३) आयकर छुट भएका उद्योगहरुलाई भुक्तानी गर्दा र कृषि उत्पादन सोझै किसानसंग खरिद गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने छैन । तर सोझै किसानसंग खरिद गरेको हो भन्ने प्रमाण सम्बन्धित करदाताले पुऱ्याउनु पर्नेछ ।

(४) प्रचलित नेपाल कानूनमा यस अनुसूचीमा उल्लेख भए भन्दा बेग्लै दरबाट कर लाग्ने भएमा सोही अनुसार अग्रिम कर कट्टी गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(५) आयकर दर्ता प्रमाणपत्र भएकाहरुले अग्रिम आयकर कट्टी गरिएको रकम वार्षिक आय विवरण दाखिला गर्दा लाग्ने कर तथा दफा ९ बमोजिम किस्तावन्दीमा लाग्ने चालु वर्षको अग्रिम कर रकममा कट्टी गर्न पाउने छन्। वार्षिक आय विवरण दिई कर निर्धारण गराउने बाहेक अरुको हकमा श्रोतमा कर कट्टी गरिएको रकमलाई तिर्न पर्ने करमा मिलाइने छैन।

(६) वार्षिक कर दायित्व आर्थिक वर्षको शुरुमा नै निर्दिष्ट हुन सक्ने करदाताको हकमा कर कार्यालयबाट रकम निर्दिष्ट गरी सोही रकमको मासिक दामासाहीले कर कट्टी गर्ने अनुमति दिइनेछ।

(७) चालु आर्थिक वर्षको अग्रिम कर पहिले नै बुझाई सकेको प्रमाण पेश गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन।

(८) यस अनुसूचीको दफा १४ मा तोकिएका व्यवसायीहरुले वार्षिक लाग्ने कर अग्रिम दाखिला गरेको प्रमाण पेश गरेमा त्यस्ता व्यक्ति वा फर्महरुबाट निश्चित अवधिका लागि वार्षिक रु. ७ लाखसम्म आपूर्ति गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन।

(९) ठेला गाडा, वयल गाडालाई ढुवानी भाडा तथा खाद्यान्न वा नगद भुक्तानी पाउने भरियाहरुलाई ज्याला भुक्तानी गर्दा अग्रिम आयकर कट्टी गर्नु पर्ने छैन।

(१०) बैठक भत्ता भुक्तानी गर्दा अग्रिम कर कट्टी गरिएको रकम नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन।

(११) कर लाग्ने गरी श्री ५ को सरकारले जारी गर्ने ट्रेजरी बिल र नेपाल राष्ट्र बैंकले जारी गर्ने नेपाल राष्ट्र बैंक ऋणपत्रहरुबाट आर्जित आयलाई करदाताको अन्य आयमा समावेश गरी आयकर लगाई असुल उपर गरिनेछ।

(१२) पारिश्रमिक आय विवरण पेश गरी लाग्नु पर्ने कर रकम भन्दा बढी अग्रिम दाखिला भएको रहेछ भने सो बढी दाखिल भएको कर रकम ६ महिनाभित्रमा फिर्ता दिइनेछ। रकम फिर्ता दिन नसकेमा दिनगन्तिको आधारमा वार्षिक १५ प्रतिशतका दरले ब्याज दिइनेछ।


9262 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) व्यक्तिगत रुपमा प्रतिवेदन तयार गर्ने, अध्ययन दलमा कार्य गर्ने र यस्तै लिखित वा अलिखित रुपमा परामर्श वा सल्लाहकार सेवा प्रदान गर्ने कार्य गरे बापत भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेछ। यस्तो कर कट्टी गरिएको कर रकम नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन।

(१८) शुरुमै एकमुष्ट रकम भुक्तानी गरी आफ्नो नाममा स्वामित्व हस्तान्तरण हुने गरी खरिद गरिएको विमानमा दफा २७.१ को खण्ड १५ बमोजिम अग्रिम कर कट्टी गर्नु पर्ने छैन।

(१९) सबै किसिमको उद्योग, संघ, संस्था, निजी विद्यालय, महाविद्यालय, विश्वविद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था आदि नवीकरण गर्दा अग्रिम आयकर कट्टा गरी सकेको फुकुवा पत्र पेश गर्नु पर्नेछ। करको फुकुवा पत्र पेश नगरेमा यस्ता संस्थाहरुलाई श्री ५ को सरकारबाट दिइने सुविधा सहुलियत रोक्का गर्न सकिनेछ। यस कार्यको लागि यी संस्थाहरुबाट कर अधिकृतले आवश्यक देखेमा हिसाब किताबको विवरण माग गर्न सक्नेछ।

(२०) पुनर्बीमाको प्रिमियम रकम भुक्तानीमा २ प्रतिशतले अग्रिम कर कट्टी गर्नु पर्नेछ।

(२१) विदेशी टेलिभिजन कम्पनीको प्रसारण बापत विदेशी कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकम भुक्तानी वा हिसाब मिलान गर्दा ३ प्रतिशतले अग्रिम आयकर कट्टी गर्नु पर्नेछ।

(२२) नेपालमा कर तिर्नु नपर्ने सुविधा प्राप्त गरी नेपाल अधिराज्यभित्र कारोबार गरिरहेका संगठित संस्था वा कम्पनीहरुले कर योग्य रकम भुक्तानी गर्दा दफा २७.१ अनुसार अग्रिम आयकर बापत कर कट्टी गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२३) दफा २७.१ अनुसारको भुक्तानी गर्दा अग्रिम आयकर कट्टी गरेको छ छैन सो सम्बन्धमा कर कार्यालयहरुले करदाताको व्यवसायिक वा कारोवारस्थलमा गई कागजातहरु निरीक्षण परीक्षण गर्न सक्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२४) मूल्य अभिवृद्धि करमा दर्ता नभएका वा दर्ता हुनु नपर्ने फर्म, कम्पनी वा अन्य व्यापारिक संस्थाबाट मालवस्तु वा सेवा खरिद वा प्राप्त गर्दा यस्तो खरिद रकमको २ प्रतिशतले अग्रिम आयकर कट्टा गर्नु पर्नेछ ।

२८. डिजेलबाट चल्ने सवारी साधनको इन्जिन विद्युत वा ब्याट्रीबाट चल्ने गरी परिवर्तन गरेकोमा वा विद्युत वा ब्याट्रीबाट चल्ने गरी निर्माण भएकोमा वा उपरोक्त अनुसार निर्माण भएको सवारी साधन आयात गरेमा त्यस्तो सवारी साधनमा लाग्ने आयकर पाँच वर्षको लागि छुट दिइनेछ ।

२९. व्यावसायिक सीपमूलक तालीम प्रदान गर्ने भनी श्री ५ को सरकारबाट स्वीकृति प्राप्त तोकिएका संस्थाहरुलाई ५ वर्षको लागि आयकर छुट दिइनेछ ।

३०. नेपाल अधिराज्यभित्र संचालन गरिने क्यासिनोहरुबाट वार्षिक रु. १ करोड २० लाखका दरले रोयल्टी लिइनेछ । क्यासिनोको रोयल्टीको ३% का दरले जुवाडेहरुबाट आय आर्जन गरे बापतको अग्रिम आयकर क्यासिनोबाट असुल गरिनेछ । क्यासिनोहरुले बुझाउनु पर्ने रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको एक हप्ताभित्र बुझाउनु पर्नेछ । सो म्यादभित्र नबुझाएमा वार्षिक २५ प्रतिशतका दरले शुल्क लाग्नेछ । त्यस्तो रकम ३ महिनासम्म पनि नबुझाएमा कर अधिकृतले क्यासिनो बन्द गर्ने आदेश दिन सक्नेछ ।

३१. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि एक वर्ष अघिको पुरानो मौज्दातको करदाताले घोषणा गरेको बिक्री मूल्य तथा साविकमा देखाएको मूल्यको फरक रकममा १ प्रतिशतले पूर्वानुमानित कर लिइनेछ । यसरी लिइएको पूर्वानुमानित करलाई अन्तिम कर मानिनेछ ।

३२. भाडामा दर्ता भएका सवारी साधनहरुलाई देहाय बमोजिम आयकर लाग्नेछ । यसरी लागेको आयकर सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण गर्दा वा आश्विन मसान्तमध्ये जुन पहिले हुन्छ, सो अगावै तिर्नु पर्नेछ । आयकर नतिरेसम्म सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण हुने छैन ।

| सवारी किसिम | इन्धनको प्रकार अनुसार वार्षिक आयकर दर | |
|---|---|---|
| | पेट्रोल | डिजेल |
| (क) कार , जीप, भ्यान | रु. ३,३००।- | रु. ४,४००।- |
| (ख) ट्रक, बस | रु. १०,०००।- | रु. ११,०००।- |
| (ग) मिनीबस, मिनीट्रक | रु. ६,६००।- | रु. ७,७००।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

द्रष्टव्य : यसमा लेखिएकामा यसै बमोजिम र विद्युत बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुनेमा पेट्रोल सरहको कर लाग्नेछ ।

| (घ) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर, पावर टिलर | इन्धनको प्रकार अनुसार वार्षिक आयकर दर | |
|---|---|---|
| | पेट्रोल | डिजेल |
| १) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. १,५००।- | रु. २,०००।- |
| २) ट्रेक्टर | रु. १,०००।- | रु. १,५००।- |
| ३) पावर टिलर | रु. १,०००।- | रु. १,२५०।- |

(अ) ढुवानी तथा बस सेवाको रुपमा दर्ता भएको प्रा.लि. तथा संगठित संस्थाहरुले आफ्नो आय विवरण पेश गर्नु पर्नेछ ।

(आ) अन्तिम कर निर्धारण हुँदा उपरोक्त बमोजिम तिरेको रकम बापत कर कट्टी गर्न पाइनेछ ।

(इ) नेपाल अधिराज्यमा दर्ता भई भाडामा चल्ने ट्रक, बस र मिनीबस, मिनीट्रकलाई प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षका लागि लाग्ने आयकरको ५ प्रतिशतका दरले १० वर्षसम्म छुट दिइनेछ ।

(ई) शुरु पैठारी मितिले १ वर्ष भन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ ।

३३. नेपाल अधिराज्यभित्र ढुवानी कार्य गर्ने उद्देश्यले तोकिएको भंसार तिरी अस्थायी रुपमा पैठारी भएका सवारी साधनहरुमा नेपालमा काम गरेको अवधिको लागि प्रत्येक दिनको ट्रक र बसको रु. १५०।- र अन्यको रु. १००।- का दरले पूर्वानुमानित आयकर लिइनेछ । सवारी साधन पैठारी गर्दाको अवस्थामा भंसार कार्यालयले यस्तो कर बापतको रकम धरौटी लिई पछि फर्की गएको अवस्थामा मिलान गरिनेछ ।

३४. आयकर ऐन, २०३१ र आयकर नियमावली, २०३९ मा भएका व्यवस्थाहरुको कार्यान्वयनको सिलसिलामा देखा परेका वा पर्न सक्ने कठिनाइहरुको समाधानको लागि करदाताबाट पूर्वादेश माग भई आएमा प्रशासकीय दृष्टिकोणबाट समेत नीतिगत निर्णय गरी महानिर्देशकले पूर्वादेश (Advance Ruling) जारी गर्न सक्नेछ । यस्तो पूर्वादेश माग गर्दा सरोकार भएका व्यक्तिले वास्तविक द्विविधा वा कठिनाई देखाई निवेदन दिनु पर्नेछ । अदालतमा विचाराधिन विषयमा पूर्वादेश माग गर्न पाइने छैन। प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. मूल्य अभिवृद्धि कर समेत तिर्नु पर्ने गरी रेडियो, टेलिभिजन, सिनेमा हल, पत्र पत्रिका मार्फत् गरिएको विज्ञापन बापतको वास्तविक खर्च खुद आय कायम गर्दा कट्टा गर्न दिइनेछ ।

३६. आयकर ऐन, २०३१ को दफा २७ वा २८ को म्यादभित्र आय विवरण दाखिला नगर्ने करदाताको जरिवानाको अङ्क कायम गर्दा कर रकमबाट सोही ऐनको दफा २७ बमोजिमको म्यादभित्र दाखिला भइसकेको अग्रिम कर कट्टा गरी बाँकी लाग्ने करको रकमबाट मात्र जरिवाना अङ्क कायम गरिनेछ ।

३७. आयकर ऐनको दफा ३५ को उपदफा ४ बमोजिम महानिर्देशक समक्ष निवेदन गर्दा माग भएको रकमको एक तिहाई रकम धरौटी राख्नु पर्नेछ ।

३८. आयकर ऐनको दफा २९ को उपदफा (१क) को प्रयोजनको लागि शुल्क रकमको गणना गर्दा संशोधित विवरणको आधारमा फरक परेको कर रकमको २५ प्रतिशत थप शुल्क लाग्ने गरी स्पष्ट गरिएकोछ ।

३९. मदिरा, बीयर, चुरोट, जर्दा, खैनी, पान मसाला जस्ता स्वास्थ्यलाई हानिकारक मानिएका वस्तुहरुको कुनै पनि प्रकारको उपहार कार्यक्रममा भएको खर्च खुद आय निर्धारण गर्दा खर्च बापत कट्टा गरिने छैन । साथै मदिरा, बीयर तथा चुरोट उत्पादन गर्नेले आफ्नो उत्पादन आफै वा एजेण्ट मार्फत् समेत विना मूल्य तथा घटी मूल्यमा वितरण गरिएको भए सो खर्च मिन्हा हुने छैन ।

४०. कर कार्यालय नरहेको जिल्लाका निकासी पैठारी कारोबार गर्ने करदाता बाहेक अन्य करदाताहरुले आफ्नो आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्न सम्बन्धित कर कार्यालयमा जान असुविधा हुने भएमा नवीकरण रोक्का गरिराखेकोमा बाहेक करदाताले नवीकरण गराउन चाहेको आर्थिक वर्षको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको निस्सा पेश गरेमा करदाताको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले आयकर दर्ता प्रमाणपत्र नवीकरण गरी दिनेछ । आयकर ऐन, २०३१ को दफा ५क. को उपदफा (५) बमोजिम आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्न र म्यादभित्र नवीकरण नगर्ने करदातालाई सोही ऐनको दफा ६३ख. अन्तर्गत जरिवाना गर्ने कर अधिकृतलाई भएको अधिकार यस दफाको प्रयोजनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई तोकिएकोछ । कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखले आयकर दर्ता प्रमाणपत्र नवीकरण गरेको छुट्टै लगत राखी जरिवाना भएकोमा भौचर वा रसीद समेत सम्बन्धित कर कार्यालयमा प्रत्येक महिनाको ७ गतेभित्र पठाइदिनु पर्नेछ ।

४१. जीवन बीमा व्यवसायको खुद आय निर्धारण गर्दा बीमाङ्कन जगेडा (एक्चुरियल रिजर्भ) कोषमा छुट्याइएको रकममध्ये हरेक तीन वर्षमा सो कोषबाट व्यहोरिनु पर्ने सम्पूर्ण जोखिम र दायित्व व्यहोरी सकेपछि बाँकी रहेको रकममा ९५ प्रतिशतसम्म बीमा कम्पनीकै सोही कोषमा जोखिम र दायित्व बापत छुट्याउने र बाँकी पाँच प्रतिशतले हुने रकम कर कार्यालयमा अग्रिम कर बापत दाखिला


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
१२८८

गर्नु पर्नेछ । यसरी राजस्वमा दाखिला भएको अग्रिम कर सम्बन्धित बीमा कम्पनीले बुझाउनु पर्ने कर रकममा मिलान गरिनेछ ।

४२. एक वर्षभन्दा बढी अवधिको लागि आवश्यक पर्ने वा असर पर्ने चालु खर्चहरुलाई पर सारिएको खर्च (Deferred Payment) भावी समयावधिको यकिन हुनेमा सोही अनुसार समदर प्रणालीमा र समयावधि यकिन नहुनेमा बराबर किस्तामा विभाजित गरी पाँच वर्षभित्र समदरले मिन्हा पाउने गरी खर्च कायम गरिनेछ ।

४३. हिसाब किताब नराख्ने र मूल्य अभिवृद्धि करमा दर्ता नभएका कुनै करदाताहरुले आफ्नो शाखा कार्यालय अन्य जिल्ला (मूल कार्यालय बाहेकको जिल्ला) मा राखेको भए सो शाखा भएकै क्षेत्रको कर कार्यालयले सो शाखाको आय निर्धारण गर्नेछ र सो को जानकारी मूल कार्यालय रहेको कर कार्यालयमा दिनु पर्नेछ । यस्तो जानकारी पाएपछि मूल कार्यालय रहेको कर कार्यालयले सो शाखा कार्यालय बाहेकको अन्य आय समावेश गरी हुने खुद आयमा शाखाको खुद आय समेत जोडी सो मा अन्तिम कर निर्धारण गर्नेछ । शाखा रहेको जिल्लाको कर कार्यालयमा तिरेको आयकर अन्तिम कर निर्धारण गर्दा मिलान गरिनेछ ।

४४. मुख्य कार्यालय विदेशमा भई नेपालमा कार्यरत कम्पनी तथा संस्थाहरुले मुख्य कार्यालयहरुको खर्च दावी गरेमा कुल कारोबारको ३.५ प्रतिशत वा मुख्य कार्यालयमा नेपालस्थित कारोबारको लागि खर्च भएको रकममध्ये जुन घटी हुन्छ सो रकम मुख्य कार्यालय खर्च बापत मिन्हा दिइनेछ ।

४५. श्री ५ को सरकारले तोकेको शर्त तथा बन्देजको अधीनमा रही कर विभागबाट स्वीकृत भएको निवृत्तिभरण कोष वा उपदान कोषमा आफ्नो कर्मचारीहरुलाई सेवा अवधिपछि दिइने उपदान वा निवृत्तिभरण रकम बापत वार्षिक रुपले कुनै संगठित संस्था वा कम्पनीले जम्मा गरेको रकम खर्च मिन्हा पाउनेछ ।

४६. काठमाडौं उपत्यका, विराटनगर, बीरगञ्ज, पोखरा, जनकपुर, नारायणघाट, बुटवल र नेपालगञ्ज शहरी क्षेत्रभित्र गत वर्ष देहायका अवस्थाहरु मध्ये कुनै दुई अवस्था पुरा गरेका व्यक्ति, दम्पत्ति वा परिवारले आफ्नो आय विवरण पेश गर्नु पर्नेछ र अनिवार्य रुपले कर चुक्ता प्रमाण लिनु पर्नेछ । यस्ता व्यक्ति, दम्पत्ति वा परिवारले न्यूनतम रु. ५ हजार वार्षिक कर तिर्नु पर्नेछ । यस्तो करदाताले तिरेको आयकर, पारिश्रमिक कर, घर वहाल कर तथा ब्याज कर यो दफाको न्यूनतम कर हिसाब गर्ने प्रयोजनको लागि आफूले तिर्ने करमा हिसाब मिलान गरिनेछ । निवृत्तिभरण आय मात्र हुने व्यक्ति, दम्पत्ति वा परिवारले यस्तो न्यूनतम कर तिर्नु पर्ने छैन :-

(१) २,५०० वर्गफिट भन्दा बढीको घर भएको वा मासिक रु. ५ हजार भन्दा बढी रकम घर वहाल तिरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) वार्षिक रु. १२,००० भन्दा बढी टेलिफोनको महसुल तिरेको वा मोबाइल टेलिफोन राखेको,

(३) निजी प्रयोजनको लागि भारत बाहेक तेस्रो देशमा भ्रमण गरेको,

(४) ७०० सी.सी. भन्दा बढी क्षमताको निजी सवारी साधन भएको,

(५) वार्षिक रु. ३ हजार भन्दा बढी शुल्क तिर्ने गरी कुनै क्लबको सदस्य भएको,

(६) कुनै बैंकको क्रेडिट कार्ड लिएको ।

४७. साझेदारी फर्म, कम्पनी वा सार्वजनिक संस्थाले मुनाफाबाट आयकर नतिरी लाभांश वा मुनाफाको हिस्सा वितरण गर्दा, खर्च लेख्दा वा छुट्याउँदा यस्तो लाभांश वा मुनाफाको हिस्साको १० प्रतिशतको दरले लाभांश कर कट्टी गरी कर कार्यालयमा दाखिला गर्नु पर्नेछ । लाभांश वा मुनाफाको हिस्सा प्राप्त गर्ने व्यक्तिले यस्तो आय समेत देखाई आफ्नो आय विवरण पेश गर्दा त्यसरी अग्रिम लाभांश कर दाखिला गरेको रकमलाई तिर्नु पर्ने करबाट कट्टी गर्न पाउनेछ । यस दफाको प्रयोजनको लागि देहाय बमोजिम लाभांश करको हिसाब गरिनेछ ।

(क) प्राइभेट लिमिटेड कम्पनी वा साझेदारी फर्मको हकमा खुद आयबाट प्रचलित कानून बमोजिम गर्नु पर्ने खर्च वा छुट्याउनु पर्ने जगेडा कटाई बाँकी हुन आउने मुनाफाको ५० प्रतिशत रकमलाई वितरण योग्य लाभांश रकम मानी सो मा १० प्रतिशतले लाभांश कर कट्टी गर्नु पर्नेछ, तर यस्तो कम्पनीले सो भन्दा बढी रकम लाभांश बापत वितरण गरेको, खर्च लेखेको वा छुट्याएको भए सो पुरै रकममा लाभांश कर लाग्नेछ ।

(ख) पब्लिक लिमिटेड कम्पनी तथा सार्वजनिक संस्थाको हकमा वितरण गरिएको लाभांशमा १० प्रतिशतले लाभांश कर कट्टी गर्नु पर्नेछ ।

(ग) लाभांश वितरण नभए पनि कुनै कम्पनी वा साझेदारी फर्मको १० प्रतिशत वा सो भन्दा बढीको स्वामित्व हुने व्यक्तिलाई व्यवसायिक प्रयोजनको लागि बाहेक निर्ब्याजी सापटी वा यस्तै अन्य तरिकाले भुक्तानी गरेको वा भुक्तानी गर्न छुट्याइएको रकम समेतलाई लाभांश वितरण गरे सरह मानी यस्तो रकममा लाभांश कर असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कुनै उद्योगले उद्योगलाई गरेको लगानीबाट प्राप्त मुनाफामा लाभांश कर लाग्ने छैन ।

(ङ) आयकर तिरी वितरण गरेको लाभांशमा अग्रिम लाभांश कर कट्टी गर्नु पर्ने छैन तथा यस्तो लाभांश प्राप्त गर्ने व्यक्तिले समेत प्राप्त लाभांशमा कर तिर्नु पर्ने छैन ।

४८. कर विभागको महानिर्देशक, राजस्व न्यायाधिकरण वा अन्य कुनै न्यायिक निकायमा २०५४ आषाढ मसान्तभित्र निवेदन परिसकेको वा पुनरावेदनमा रहेका मुद्दाहरु फिर्ता लिई लागेको कर रकममध्ये विवाद नरहेको पुरै रकम र विवाद रहेको रकमको ७५ प्रतिशत श्री ५ को सरकारले तोकेको म्यादभित्र तिरेमा बाँकी कर रकम, जरिवाना र शुल्क मिन्हा गरिनेछ ।

४९. आयकर ऐन, २०३१ को दफा ३३ख. मा उल्लेखित व्यवस्थाहरुको अतिरिक्त स्वयं कर निर्धारणका आय विवरणहरुको छानबिन गर्ने तरिका देहाय अनुसार हुने गरी स्पष्ट गरिएकोछ :-

(क) गत वर्ष रु. १ करोडसम्मको कारोबार हुने करदाताको चालु वर्ष १० प्रतिशत भन्दा बढी कारोबार वृद्धि नभएको अवस्थामा गत वर्ष तिरेको कर रकममा थप १५ प्रतिशत र दफा ५ अनुसार लाग्ने अतिरिक्त कर समेत तिरेमा अन्यथा प्रमाणित भएमा बाहेक छानबिन गरिने छैन ।

(ख) खण्ड (क) मा उल्लेखित अवस्था बाहेकका रु. १० करोडसम्मको कारोबार हुने वा रु. १ करोडसम्मको खुद आय हुने करदाताहरुको हकमा विभिन्न आय र पेशा व्यवसायी समूह समावेश हुने गरी २५ प्रतिशत नमूना छनौटमा पारी विस्तृत छानबिन गरिनेछ । साथै प्रारम्भिक छानबिन गर्दाको बखत फेलापारेका कर घटाउने बदनियतपूर्ण त्रुटीहरु वा कार्यालयमा उपलब्ध अभिलेख, अनुसन्धानात्मक तथ्यहरु वा सुराकी सूचना, उजुरीका आधारमा त्यस्तो स्वयं कर निर्धारण विवरणहरुको विस्तृत छानबिन गरिनेछ ।

(ग) रु. १० करोड भन्दा बढीको कारोबार गर्ने वा रु. १ करोड भन्दा बढीको खुद आय हुने सबै करदाताहरुको स्वयं कर निर्धारणको आय विवरणको प्रत्येक वर्ष विस्तृत छानबिन गर्न सकिनेछ ।

(घ) खण्ड (ग) मा उल्लेखित करदाताको आय विवरण विस्तृत छानबिन गरिंदा आवश्यक देखिएमा विशेषज्ञहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिबाट छानबिन तथा हिसाब किताबको परीक्षण गर्न सकिनेछ । समितिले गरेको विस्तृत छानबिनको आधार समेत लिई कर अधिकृतले कर निर्धारण गर्नेछ । यस्तो विशेषज्ञहरुको समितिको गठन तथा कार्यक्षेत्र कर विभागको महानिर्देशकले तोके बमोजिम हुनेछ ।

५०. कुनै उद्योगले प्राविधिकले प्रमाणित गरेको प्रदूषण नियन्त्रण गर्ने संयन्त्र राखेमा उद्योग विभागको सिफारिसमा यस्तो प्रदूषण नियन्त्रण गर्ने संयन्त्रको खर्च २ वर्षको बराबर किस्तामा कट्टा गर्न पाइनेछ ।

५१. नेपाली कला र संस्कृतिसंग सम्बन्धित नाटक, नृत्य वा यस्तै अन्य सांस्कृतिक कार्यक्रम बाहेक अन्य मनोरञ्जन कार्यक्रममा प्रवेश शुल्कबाट प्राप्त आयमा १५ प्रतिशतले पूर्वानुमानित आयकर लगाई असुल उपर गरिनेछ ।

५२. कुनै पनि फर्म तथा संगठित संस्थाले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई आफ्नो व्यापारिक प्रयोजनको लागि लगानी नगरी अन्यत्र लगानी गरेमा सो अन्यत्र लगानी गरेसम्मको रकमलाई खाम्ने ऋणको ब्याज खर्च मिन्हा दिइने छैन ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1251

## अनुसूची - ७

### घरजग्गा कर

१. घरजग्गा करको दर देहाय बमोजिम हुनेछ :

| घरजग्गाको मूल्य | करको दर |
|---|---|
| पहिलो रु. १० लाखसम्ममा | कर नलाग्ने |
| त्यसपछिको रु. १० लाखसम्ममा | रु. ३००।- एकमुष्ट |
| त्यसपछिको रु. ३० लाखसम्ममा | ०.०५ प्रतिशत |
| त्यसपछिको रु. ५० लाखसम्ममा | ०.२५ प्रतिशत |
| त्यसपछिको रु. १ करोडसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको बाँकी रकममा | १.५० प्रतिशत |

२. घरजग्गा कर लाग्ने शहरी क्षेत्र र अन्य क्षेत्र :

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा देहाय बमोजिम गाउँ विकास समितिका वडाहरुमा कर योग्य घरजग्गा भएका व्यक्ति तथा संस्थाहरुको अन्यत्र पनि घरजग्गा कर लाग्ने क्षेत्रमा घरजग्गा भएमा सो समेत जोडी कर निर्धारण हुनेछ :-

| | जिल्लाको नाम | गा.वि.स. को नाम | वडाहरु |
|---|---|---|---|
| १. | मोरङ | हात्तीमुडा | ८ र ९ |
| | | टंकीसिनवारी | १, २, ४, ५ र ६ |
| | | रंगेली | १, २ र ४ |
| | | कटहरी | १, २, ४, ५, ६ र ७ |
| | | उर्लावारी | २, ३ र ४ |
| २. | सुनसरी | सोनापुर | १ र २ |
| | | दुहवी | ४, ५, ६, ७ र ९ |
| ३. | धनुषा | सखुवा महेन्द्रनगर | १, २, ३, ५ र ९ |
| ४. | सर्लाही | लालबन्दी | १, ५ र ८ |

| | | | |
|---|---|---|---|
| ५. | रौतहट | चन्द्रनिगाहपुर | १, ६ र ७ |
| ६. | बारा | पिपरा सिम्रा | २, ३ र ४ |
| | | जीतपुर भवानीपुर | ३ मात्र |
| | | लीपनीमाल | ६ मात्र |
| ७. | चितवन | खैरेनी | ४, ६ र ७ |
| ८. | मकवानपुर | बसामाडी | ५ मात्र |
| ९. | भक्तपुर | नखेल | सबै |
| | | कटुञ्जे | सबै |
| | | दधिकोट | सबै |
| | | सिपाडोल | सबै |
| | | बालकोट | सबै |
| १०. | काठमाडौं | तीनथाना | ३, ५, ७, ८ र ९ |
| | | स्यूचाटार | १, २ र ४ |
| | | सीतापाइला | १, ८ र ९ |
| | | इचंगु | ४, ५ र ६ |
| | | मनमैजु | १ र ९ |
| | | नैकाप | २ मात्र |
| | | थानकोट | ७ मात्र |
| | | बलम्बु | १ मात्र |
| | | धापासी | ३, ५ ६ र ७ |
| | | गोंगबु | ६, ७, ८ र ९ |
| | | विष्णु | १, २, ३, ४ र ५ |
| | | चपली | २ र ९ |
| | | महाङ्काल | ५, ६, ७, ८ र ९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

| | | |
|---|---|---|
| | कपन | १ र ३ |
| | जोरपाटी | सबै |
| | गोकर्ण | सबै |
| | नयाँपाटी | २, ४, ५ र ६ |
| ११. ललितपुर | सैंबु भैंसेपाटी | सबै |
| १२. नवलपरासी | सुनवल | १ र ४ |
| | शिवमन्दीर | १, २ र ३ |
| | गैंडाकोट | २ र ५ |
| १३. रुपन्देही | आनन्दवन | ३ र ४ |
| | मणिग्राम | ३ र ४ |
| १४. कपिलवस्तु | कृष्णनगर | १, २, ३, ४ र ५ |

३. <u>घरजग्गाको मूल्याङ्कन गर्ने तरिका</u> :

(१) घरजग्गा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ :–

(क) <u>घरको बनोटको वर्गीकरण</u> :

१. भित्र काँचो बाहिर पाको ईंटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठै काठबाट बनेका घर ।

२. भित्र बाहिर पाको ईंट वा ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर ।

३. भित्र बाहिर पाको ईंटमा सिमेण्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर ।

४. आर.सी.सी. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1258

(ख) <u>घरको मल्याङ्कन :</u>

| | घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रतिवर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|---|
| (अ) | दफा ३.१.(क)(१) बमोजिमको घर | रु. ४५०।- | ३.०० | २५ |
| (आ) | दफा ३१ (क)(२) बमोजिमको घर | रु. ५२५।- | २.०० | ३० |
| (इ) | दफा ३१(क)(३) बमोजिमको घर | रु. ५७५।- | १.०० | ७० |
| (ई) | दफा ३१(क)(४) बमोजिमको घर | रु. ६२५।- | ०.७५ | १०० |

(ग) काँचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस छ्वाली, खर, पराल र साधारण टिनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(घ) सिनेमा हलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्याङ्कन गरिनेछ ।

(२) घरजग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा सो को प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हकमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्याङ्कन गरिनेछ ।

४. <u>सम्पत्ति कर फछ्र्यौट हुन बाँकी करदाताको लागि विशेष व्यवस्था</u> : आ.व. २०४७।०४८ देखि आ.व. २०५१।५२ सम्मको तत्काल प्रचलित ऐन अनुसार लाग्ने सम्पत्ति कर निर्धारण हुन बाँकी रहेका करदाताहरुले ती वर्षहरुको सम्पत्ति कर फछ्र्यौट गर्न चाहेमा घरजग्गा सम्बन्धी विवरण मात्र पेश गरी सो को आधारमा देहाय बमोजिम गरी कर फछ्र्यौट गर्न सक्ने छन् :-

(१) आ.व. २०४९।०५० र २०५०।०५१ को लागि दफा १, २ र ३ अनुसार लाग्ने कर रकम बुझाएमा ।

(२) आ.व. २०५१।०५२ को लागि आर्थिक ऐन, २०५१ अनुसार लाग्ने कर रकम बुझाएमा।

आधिकारिकता विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, करदाताले तत्काल प्रचलित ऐन अनुसार सम्पत्ति कर नै तिर्न चाहेमा सोही बमोजिम हुनेछ । प्रकरण (१) र (२) मा उल्लेख भए बमोजिम आ.व. २०४९।०५० देखि २०५१।०५२ सम्मको कर निर्धारण गराई कर फछ्र्यौट गर्ने करदाताले आ.व. २०४७।०४८ र २०४८।०४९ को घरजग्गा कर चुक्ता गरेको भएमा उक्त आ.व. हरुको छुट्टै सम्पत्ति कर तिर्न पर्ने छैन ।

५. घरजग्गा कर लाग्ने नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका र दफा २ मा तोकिएका गा.वि.स. का घरजग्गाको रजिष्ट्रेशन पारित गर्दा सम्बन्धित कर कार्यालयको कर चुक्ता वा फुकुवा पत्र पेश गराउनु पर्नेछ ।

६. करदाताको घरजग्गाको साविकको क्षेत्रफलमा वृद्धि नभएमा लाग्ने घरजग्गा कर रकम म्यादभित्रै सोझै बैंक दाखिला गरी करदाताले चुक्ता गर्न सक्ने छन् । यसरी बैंक दाखिला भएका भौचर एवं विवरणको आधारमा कर कार्यालयले कर चुक्ता कार्डमा प्रमाणित गरी दिनेछ ।

७. आश्विन मसान्तसम्ममा घरजग्गाको विवरण पेश गरी अग्रिम कर दाखिला गर्ने करदाताले लाग्ने करमा १० प्रतिशत छुट पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ८

### सवारी साधन कर

१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :-

| निजी सवारीको किसिम | इन्धनको प्रकार अनुसार वार्षिक सवारी साधन कर | |
|---|---|---|
| (१) कार, जीप, भ्यान | पेट्रोल | डिजेल |
| (क) १३०० सी.सी.सम्मको | रु. ५,०००।- | रु. ८,०००।- |
| (ख) १३०१ सी.सी. देखि २००० सी.सी.सम्म | रु. ६,६००।- | रु. ११,०००।- |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी.सम्म | रु. ७,९०० | रु. १४,०००।- |
| (घ) २९०१ सी.सी. देखि ४००० सी.सी.सम्म | रु. ९,८००।- | रु. १८,६००।- |
| (ङ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | रु. १२,०००।- | रु. २२,८००।- |

स्पष्टिकरण : यसमा लेखिएकोमा यसै बमोजिम र विद्युत बाहेक अन्य इन्धनद्वारा संचालन हुनेमा पेट्रोल सरहको कर लाग्नेछ ।

| (२) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर, पावर टिलर | इन्धनको प्रकार अनुसार वार्षिक सवारी साधन कर | |
|---|---|---|
| | पेट्रोल | डिजेल |
| (क) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. १,५००।- | रु. २,२५०।- |
| (ख) ट्रेक्टर | रु. १,०००।- | रु. १,५००।- |
| (ग) पावर टिलर | रु. ९,००।- | रु. १,०००।- |
| (३) मिनीट्रक/मिनीबस | रु. ६,६००।- | रु. ७,७००।- |
| (४) ट्रक/बस | रु. ११,०००।- | रु. १२,०००।- |

| | | | |
|---|---|---|---|
| (५) | मोटरसाइकल | वार्षिक सवारी साधन कर | |
| | (क) | ९० सी.सी.सम्मको | रु. २५०।- |
| | (ख) | ९१ सी.सी. देखि १५० सी.सी.सम्म | रु. ६५०।- |
| | (ग) | १५१ सी.सी. देखि ३०० सी.सी.सम्म | रु. ८५०।- |
| | (घ) | ३०१ सी.सी. र सो भन्दा माथि | रु. १,२००।- |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ९

हवाई उडान कर

१. देहायका हवाई उडानहरुमा देहाय बमोजिम हवाई उडान कर लाग्नेछ :

| | | हवाई उडान करको दर |
|---|---|---|
| अ. | आन्तरिक उडानतर्फ | |
| | (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, मेघौली, काठमाडौं, पोखरा, सिद्धार्थनगर, दाङ, नेपालगञ्ज, धनगढी र महेन्द्रनगरबाट उडान गर्नेमा | रु. १०० प्रति यात्रु |
| | (ख) बाँकी अन्यस्थानहरुबाट उडान गर्नेमा | रु. ३० प्रति यात्रु |
| | (ग) हेलिकोप्टर उडानमा प्रति उडान प्रति व्यक्ति | रु. १५० प्रति यात्रु |
| आ. | अन्तर्राष्ट्रिय उडानतर्फ : | |
| | (क) सार्क मुलुकको लागि मात्र उडान गर्नेमा | रु. ५०० प्रति यात्रु |
| | (ख) सार्क मुलुक बाहेक अन्य जुनसुकै मुलुकको लागि उडान गर्नेमा | रु. ९०० प्रति यात्रु |
| | (ग) गैर नेपाली नागरिकलाई थप | रु. १००।- प्रति यात्रु |

२. यात्रुहरुलाई उडान गर्न चार्टर गरिएको वायुयानको जम्मा सीट क्षमताको आधारमा हवाई उडान कर असुल गरिनेछ । तर यात्रु संख्या प्रष्ट खुल्ने भएमा यात्रु संख्याको आधारमा हवाई उडान कर लाग्नेछ ।

३. २ वर्ष उमेर ननाघेका बालबालिकालाई हवाई उडान कर लाग्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – १०
## रजिष्ट्रेशन दस्तुर

देहायका लिखतमा देहाय अनरुप रजिष्ट्रेशन दस्तुर लगाइने र असुल गरिनेछ :-

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल (थैली अङ्को) प्रतिशतमा | | सबै क्षेत्र (महल १ र २) |
|---|---|---|---|---|
| | | (१) | (२) | |
| | | नेपाल अधिराज्यको नगरपालिका, उपमहानगर- पालिका, महानगर- पालिका क्षेत्रका निमित्त लाग्ने दस्तुर प्रति लिखत | अन्य क्षेत्र | |
| १. | हालै देखिको बकस पत्र | | | |
| | (क) तीन पुस्ता भित्रको | ५% | २% | |
| | (ख) तीन पुस्ता बाहिरको | २०% | १५% | |
| २. | राजीनामा, सगोलनामा र अन्य लिखतहरु (बन्धकी तमसुक बाहेक) | | | |
| | (क) रु. १०,०००।- सम्म | ८% | ५% | |
| | (ख) रु. १०,०००।- भन्दा माथि जतिसुकैमा पनि | १०% | ७% | |
| ३. | अंशवण्डा | | | |
| | (क) रु. ५,००,०००।- सम्म | | | प्रति लिखत रु. १००।- |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ख) रु. ५,००,०००।- भन्दा माथि रु. २५,००,०००।- सम्म | | | प्रति लिखत रु. १,०००।- |
| | (ग) रु. २५,००,०००।- भन्दा माथि रु. ५०,००,०००।- सम्म | | | प्रति लिखत रु. ५,०००।- |
| | (घ) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैमा पनि | | | प्रति लिखत रु. १०,०००।- |
| ४. | वन्धकी तमसुक (भोग, दृष्टि र लख वन्धकी) | ५% | ३% | |
| ५. | शेष पछिको वकस पत्र | प्रति लिखत रु. १,०००।- | प्रति लिखत रु. २००।- | |
| ६. | चक्लावन्दी गरिने बराबर जग्गाको सट्टापट्टाको लिखत | प्रति लिखत रु. ५००।- | प्रति लिखत रु. ५०।- | |
| ७. | अधिकारपत्र (मन्जुरनामा, अख्तियारनामा) मानो जोडिएको, मानो छुट्टिएको लिखत | | | प्रति लिखत रु. ५००।- |
| ८. | धर्मपुत्रको लिखत | | | प्रति लिखत रु. २,०००।- |
| ९. | कार्यालयलाई घरमा बोलाई रजिष्ट्रेशन गरिने लिखतमा | | | लाग्ने रजिष्ट्रेशन दस्तुरमा प्रति लिखत थप रु. ३,०००।- |
| १०. | राजीनामा, हालैदेखिको वकस पत्र र सगोलनामाको बेजिल्लाको लिखतमा | | | लाग्ने रजिष्ट्रेशन दस्तुरमा थैली अङ्कको थप १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1307

विविध :

१. मोहि लागेको रैकर जग्गा राजीनामा पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ ।

२. धर्मपुत्र, अधिकारपत्र र शेष पछिको वकस पत्र बाहेक रजिष्ट्रेशन पारित गरिने सबै प्रकारका लिखतमा थैली खुलाउनु पर्नेछ ।

३. बैंक, वित्तीय संस्था तथा प्रचलित ऐन बमोजिम दस्तुर छुट पाउने अन्य जुनसुकै निकायबाट दिइने कर्जाको लिखतमा शहरी क्षेत्रमा प्रति लिखत रु. ५००।- र अन्य क्षेत्रमा रु. १००।- ऋणीबाट शुल्क असुल गरिनेछ ।

तर कृषि ऋण तथा कर्मचारी संचयकोष र बैंक तथा वित्तीय संस्थाहरुले सेवा शर्त बमोजिम कर्मचारीहरुलाई दिँदै आएको सुविधा सम्बन्धी लिखतमा यो सेवा शुल्क लाग्ने छैन ।

४. श्री ५ को सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त प्रयोगमा ल्याउनका लागि नेपाल अधिराज्यमा दर्ता भएका संघ, संस्था वा निकायले खरिद गर्ने जग्गाको लिखत पारितमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

लालमोहर सदर मितिः- २०५५।९।२२।४

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1202